**कम्पनी ऐन, २०६३ अन्तर्गत स्थापित र संचालित**
**हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड**
**भनिमण्डल, ललितपुर**
**फोन नं.०१४४६२८४४**
**Emai:hdhp@wlink.com.np, वेभ साईटः www.himaldolakhahydro.com**
**को**

(धितोपत्र सम्वन्धी ऐन, २०६३ को दफा ३० तथा कम्पनी ऐन, २०६३ को दफा २३ अन्तर्गत प्रकाशित)

# "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु"

हाल कायम रहेको चुक्ता पूँजी रु.१६०,००,००,०००/- बराबरको प्रति शेयर रु.१००/- अंकित दरका १,६०,००,००० कित्ता साधारण शेयरको साधारण सभाबाट निर्णय भए बमोजिम हकप्रद शेयर अनुपात १ शेयर बराबर ०.७५ शेयरको हुने रकम रु.१२०,००,००,०००/- (रु. एक अर्ब बीस करोड) बराबरको प्रति शेयर १००/- अंकित दरको १,२०,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गर्नको लागि प्रकाशित ।

दरखास्त साथ प्रति साधारण शेयर अंकित मूल्य रु १००/- का दरले शतप्रतिशत भुक्तानी माग गरिएको ।

**कम्पनीको नेटवर्थ तथा प्रति शेयर आम्दानीमा भएको वास्तविक तथा प्रक्षेपित औसत प्रतिफल देहाय बमोजिम रहेको छ :**

| विवरण | वास्तविक | | | प्रक्षेपित | | |
|---|---|---|---|---|---|---|
| | २०७६/०७७ | २०७७/०७८ | २०७८/०७९ | २०७९/०८० | २०८०/०८१ | २०८१/०८२ |
| प्रति शेयर नेटवर्थ (रु.) | ८२.८५ | ७४.३६ | ६८.५४ | ८१.३२ | ८९.२३ | ९७.०९ |
| प्रति शेयर आम्दानी | -१.०२ | -८.४९ | -५.८२ | -०.७ | ७.९१ | ७.८६ |
| संचित नाफा/(नोक्सानी) (रु. ) | -२७४,३७१,७२६ | -४१०,२४२,६८६ | -५०३,३७६,७०० | -५२३,०२१,३१४ | -३०१,६४१,३१२ | -८१,४८३,३९८ |

**निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषणः**

हामीलाई निष्काशनकर्ता संगठित संस्था तथा यसका संस्थापक/संचालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा यस संस्थाको ब्यबस्थापकिय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सहि देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतीका लागि नेपाल धितोपत्र वोर्डमा "धितोपत्र सम्वन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (Due Diligence Certificate) प्रस्तुत गरेका छौं ।

**लगानीमा हुने जोखिम सम्बन्धी उद्घोषण :**

धितोपत्रमा गरिने लगानीमा जोखिम हुने भएकोले त्यस्तो जोखिमको मुल्याङ्कन गर्ने प्रमुख दायित्व लगानीकर्ता स्वयंको हुनेछ र धितोपत्रको निष्काशन मुल्यले सुचिकरण पश्चात धितोपत्र बजारमा हुने कारोबार मुल्य नजनाउने हुँदा यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" को दफा (थ) मा उल्लेखित जोखिमहरु समेतको अध्ययन गरेर मात्र लगानी सम्बन्धी निर्णय लिन सुझाव गरिन्छ ।

**निष्काशनकर्ता कम्पनीको रेटिङ्ग सम्बन्धी विवरण :**

यस हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडलाई कियर रेटिङ्गस नेपाल लिमिटेडले "CARE-NP B+(Is) [Single B Plus Issuer Rating] " रेटिङ्ग प्रदान गरेको छ । CARE-NP B+(Is) [Single B Plus Issuer Rating] ले समयमा वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा उच्च जोखिम रहने जनाउँदछ । (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal).केयर रेटिङ्गस नेपाल लिमिटेडले AAA देखि D प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा AAA रेटिङ्ग ले बलिया आधार जनाउँछ भने D रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ । रेटिङ्ग AA, A, BBB, BB, B र C मा प्रयोग गरिने + (Plus)/ - (Minus) चिन्हले उक्त समूहका तुलनात्मक स्थितिलाई जनाउँछ ।रेटिङ्ग प्रदान गरेको मिति : २०२२।११।२३ रेटिङ्ग बहाल रहने अवधि : २०२३।११।२२

नेपाल धितोपत्र बोर्डबाट स्वीकृत भएको मिति : २०८०/०१/१२ निष्काशन खुल्ला हुने मिति: २०८०/०२/२२
निष्काशन बन्द हुने मिति : २०८०/०३/१० (बैंकिङ्ग समय पश्चात)

**धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक :**
लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
**(100% Subsidiary of Laxmi Bank Limited)**
पो.ब.नं. ८४४९, नयां बानेश्वर, काठमाडौं, नेपाल, फोन नं.–५९७००६४ फ्याक्स नं.– ४७८०५८३
Email : info@laxmicapital.com.np, URL: www.laxmicapital.com.np

## “हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु”

**क)** **संगठित संस्थाको नाम :** हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड (Himal Dolkha Hydropower Company Limited)

**ख)** **संगठित संस्थाको रजिष्टर्ड कार्यालय:** यस कम्पनीको रजिष्टर्ड कार्यालय काठमाण्डौ जिल्ला का.म.न.पा.वडा नं ७, कालोपुल, काठमाडौंमा रहेको छ। आवश्यकता अनुसार स्वीकृती लिई अन्य स्थानहरुमा पनि रजिष्टर्ड कार्यालय सार्न वा शाखा कार्यालय खोल्न सकिनेछ।

**ग)** **कारोवार स्थान :** यस कम्पनीको कारोवार गर्ने मुख्य स्थान कम्पनीको रजिष्टर्ड तथा कार्यालय का. म. न. पा., वडा नं ७, कालोपुल, काठमाडौं र जलविद्युत उत्पादन केन्दहरु इलाम जिल्लाको इलाम नगरपालिका वडा नं.९, १० र माई नगरपालिका वडा नं. ९ मा अवस्थित छ। सम्बन्धित निकायबाट स्वीकृतिलिई नेपालका अन्य स्थानहरुमा आयोजना निर्माण गर्ने क्रममा कार्यालयहरु खोल्न सक्नेछ।

**घ)** **संगठित संस्थाको संक्षिप्त परिचय र उद्देश्य :**

१) **कम्पनीको संक्षिप्त परिचय :**

१. हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेडले प्रचलित कानुन बमोजिम २०६५ साल आषाढ ११ गते कम्पनी रजिष्ट्रारको कार्यालयमा प्राइभेट लिमिटेड कम्पनीको रुपमा दर्ता भई मिति २०७४ कात्तिक २७ गतेदेखि पब्लिक लिमिटेड कम्पनीमा परिणत भई कम्पनी ऐन, २०६३ अन्तर्गत काम/कारोबार गर्दै आईरहेको छ।

२. कम्पनीले माई खोला साना जलविद्युत आयोजना (४.५ मेगावाट), उत्पादन तथा सञ्चालन गर्न बिद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति वि.स. २०६४/०८/२० गते प्राप्त गरेको र उक्त अनुमति पत्र २०९९/०८/१९ गतेसम्म बहाल र माई साना क्यासकेड जलविद्युत आयोजना (८ मेगावाट), उत्पादन तथा सञ्चालन गर्न बिद्युत उत्पादनको अनुमति पत्र नेपाल सरकार, उर्जा मन्त्रालयबाट मिति वि.स. २०७०/०४/१५ गते प्राप्त गरेको र उक्त अनुमति पत्र मिति वि.स. २१०५/०४/१४ गतेसम्म बहाल रहनेछ।

३. यस कम्पनीको प्राथमिक शेयर निष्काशन मिति २०७६ असार २५ गते देखि २०७६ साउन २४ गते सम्म भएको र बाँडफाड मिति २०७६ भदौ ०५ गते भएको हो। कम्पनीको मिति २०७९/०५/०४ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ। यस कम्पनीको प्राथमिक तथा संस्थापक शेयरको सुचिकरण मिति २०७६ फागुन ०६ गते रहेको छ। कम्पनीले IPO निष्काशन गरेको रकम निम्न तालिका अनुसार उपभोग गरेको छ।

| क.सं | विवरण | उपभोग गरेको रकम |
|---|---|---|
| १. | एभरेष्ट बैंक लिमिटेडलाई छोटो अवधि कर्जा (Bride Gap Loan) तिरेको | रु. ५७,००,००,०००/– |
| २. | आयोजनाले तिर्नु पर्ने दायित्वहरु | रु. २१,००,००,०००/– |
| कुल जम्मा निष्काशन भएको IPO रकम | | रु. ७८,००,००,०००/– |

**नोटः** कम्पनीले IPO निष्काशन गरेको रकम मध्ये रु.५७ करोड एभरेष्ट बैंक लिमिटेडलाई छोटो अवधि कर्जा (Bride Gap Loan) तिरेको सो कर्जा के.बि.एन आर इस्वा पावर लि. द्वारा निर्माण भई रहेको इसुवा खोला जलविधुत आयोजना ९७.२ मेगावाटमा लगानी गरिएको जानकारी गराइएको छ।

४. कम्पनीले पहिचान गरी विकास निर्माण प्रारम्भ गरेको इलाम जिल्लाको इलाम नगरपालिका वडा नं.९, १० मा माई खोला साना जलविद्युत आयोजना (४.५ मेगावाट) र माई नगरपालिका वडा नं. ९ मा रहेको माई साना क्यासकेड जलविद्युत आयोजना (८ मेगावाट) को सम्पूर्ण निर्माण कार्य सम्पन्न भई माई खोला साना जलविद्युत आयोजना (४.५ मेगावाट) को मिति २०६७/१०/०१ गतेखि व्यापारीक उत्पादन सुरु गरी र माई साना क्यासकेड जलविद्युत आयोजना (८ मेगावाट) को मिति २०७४/१२/२६ गतेदेखि व्यापारीक उत्पादन सुरु गरि आयोजना संचालन भैरहेको छन्।

५. ४.५ मेगावाटको कुल लागत रु. ७२,५१,४९,९४२.३८ र प्रति मेगावाट रु. १६,११,४४,४३१.६४ तथा ८ मेगावाटको कुल लागत रु. १,४२,४७,०३,८६७.८६ र प्रति मेगावाट उत्पादन लागत रु. १७,८०,८७,९८३.४८ र यसको Normal Payback Period ९ वर्ष र Discounted Payback Period १३ वर्ष रहेको छ ।

६. माई खोला साना जलविद्युत आयोजना र माई साना क्यासकेड जलविद्युत आयोजनाको उत्पादन गरिएको सवै विद्युत शक्ति एकमुष्ट नेपाल विद्युत प्राधिकरणले खरिद गर्न मन्जुर गरी कम्पनी र प्राधिकरण बीच २०६६ साल आषाढ २५ गते र २०६९ साल फागुन १४ विद्युत खरिद बिक्री सम्झौता सम्पन्न भईसकेको छ । विद्युत खरीद बिक्री सम्झौता आयोजनाले व्यापारिक उत्पादन शुरू गरेको मितिदेखि ३० बर्ष कायम रहनेछ । कम्पनी र नेपाल विद्युत प्राधिकरण बीच सम्पन्न विद्युत खरीद-बिक्री सम्झौताको मुख्य-मुख्य बुँदाहरू निम्न बमोजिम रहेका छन् :

क. माई खोला साना जलविद्युत आयोजनाबाट वार्षिक २७,५३०,१५९ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन र माई साना क्यासकेड जलविद्युत आयोजनाबाट वार्षिक ४८,३५१,२५५ किलोवाट घण्टा विद्युत उत्पादन तथा विक्री गरिने कुरा मासिक उर्जा उत्पादन तालिकामा तोकिएको छ । माई खोला साना जलविद्युत आयोजनामा वर्षा यामका आठ महिनाको लागि २२,४१४,५९८ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि ५,११५,५६१ किलोवाट घण्टा र माई साना क्यास्केड जलविद्युत आयोजनामा वर्षा यामका आठ महिनाको लागि ३९,९४२,२२२ किलोवाट घण्टा र सुख्खायामका चार महिनाका लागि ८,४०९,०३३ किलोवाट घण्टा निर्धारण गरिएको छ ।

ख प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले माई साना क्यास्केड जलविद्युत आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.४.८० (चार रुपैंया असी पैसा मात्र) र सुख्खा याममा पति कि.वा. घण्टा रु.८.४० (आठ रुपैंया चालिस पैसा मात्र) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । साथै व्यापारिक उत्पादन शुरु हुने मिति (Commercial Operation Date) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि प्रत्येक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ५ (पाँच) पटकसम्म मूल्य वृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| अवधि<br>व्यापारिक उत्पादन शुरु हुने मिति (COD) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म (चैत्र २०७४ देखि फागुन २०७५ सम्म) | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म (चैत्र २०७५ देखि फागुन २०७६ सम्म) | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म (चैत्र २०७६ देखि फागुन २०७७ सम्म) | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म (चैत्र २०७७ देखि फागुन २०७८ सम्म) | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म (चैत्र २०७८ देखि फागुन २०७९ सम्म) | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौताको अवधि सम्म (चैत्र २०७९ देखि आयोजनाको सम्झौता अवधि सम्म) | ९.६६ | ५.५२ |

प्राधिकरणले व्यापारिक उत्पादन शुरु हुने मितिदेखि हरेक महिना कम्पनीले माई खोला साना जलविद्युत आयोजनाबाट उत्पादन गरी उपलब्ध गराएको कन्ट्रयाक्ट इनर्जीको परिमाणसम्मको उर्जा खरीद वापत वर्षा याममा प्रति कि.वा. घण्टा रु.३.९० (तीन रुपैंया र नब्बे पैसा मात्र ) र सुख्खा याममा पति कि.वा. घण्टा रु.५.५२ (पाँच रुपैंया र बाउन्न पैसा मात्र ) विद्युत खरीद दरले हुन आउने रकम कम्पनी वा दफा ३४ अनुसारको अगुवा बैंक वा वित्तीय संस्थालाई बुझाउने छ । थप कन्ट्रयाक्ट इनर्जीको हकमा वर्षा याममा प्रति कि.वा. घण्टा रु.४/– (चार रुपैंया मात्र ) र सुख्खा याममा पति कि.वा. घण्टा

रु.७/– (सात रुपैंयामात्र ) आधार मूल्य कायम गरी व्यापारिक उत्पादन शुरु हुने मिति ( Commercial Operation Date)लाई आधार वर्ष मानी त्यसपछिको प्रत्येक आर्थिक वर्षको लागि ३ (तीन) प्रतिशतका दरले ९(नौ) पटकसम्म मूल्यवृद्धि दिई निम्न तालिका अनुसार विद्युत उर्जा खरीद दर कायम गरिएको छ ।

| आर्थिक वर्ष | सुख्खा याम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट) | वर्षा याम (बैशाखदेखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादन शुरु हुने मिति (COD) (२०६७ साल फागुन १ गते देखि २०६८ अषाढ मसान्त सम्म) | ७.०० | ४.०० |
| (COD) पछिको पहिलो वर्ष (२०६८ साल श्रावण देखि २०६९ अषाढ मसान्त सम्म ) | ७.२१ | ४.१२ |
| (COD) पछिको दोश्रो वर्ष (२०६९ साल श्रावण देखि २०७० अषाढ मसान्त सम्म ) | ७.४२ | ४.२४ |
| (COD) पछिको तेस्रो वर्ष (२०७० साल श्रावण देखि २०७१ अषाढ मसान्त सम्म ) | ७.६३ | ४.३६ |
| (COD) पछिको चौथो वर्ष (२०७१ साल श्रावण देखि २०७२ अषाढ मसान्त सम्म ) | ७.८४ | ४.४८ |
| (COD) पछिका पाँचौ वर्ष (२०७२ साल श्रावण देखि २०७३ अषाढ मसान्त सम्म ) | ८.०५ | ४.६० |
| (COD) पछिको छैठौं वर्ष (२०७३ साल श्रावण देखि २०७४ अषाढ मसान्त सम्म ) | ८.२६ | ४.७२ |
| (COD) पछिको सातौं वर्ष (२०७४ साल श्रावण देखि २०७५ अषाढ मसान्त सम्म ) | ८.४७ | ४.८४ |
| (COD) पछिको आठौं वर्ष (२०७५ साल श्रावण देखि २०७६ अषाढ मसान्त सम्म ) | ८.६८ | ४.९६ |
| (COD) पछिको नवौं वर्ष देखि सम्झौता अवधीसम्म ( २०७६ साल श्रावण देखि सम्झौता अवधी सम्म ) | ८.८९ | ५.०८ |

**माई खोला साना जलबिधुत आयोजना**

- जडित क्षमता ४.५ मेगावाट
- विद्युत उत्पादन अनुमतिपत्र प्राप्त मिति २०६४/०८/२०
- विद्युत खरिद विक्री संझौता २०६६/०३/२५
- विद्युत खरिद विक्री सम्झौता वहाल रहने अवधि ब्यापारिक उत्पादन सुरु मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने मिति मध्ये जुन घटि छ सो समयसम्म । अर्थात वि.सं. २०९९/०८/१९ गतेसम्म बहाल रहनेछ ।
- आयोजनाको निमार्ण प्रारम्भ भएको मिति २०६४/१/५
- ब्यापारिक उत्पादन प्रारम्भ भएको मिति २०६७/१०/०१
- कूल लागत रु ७२,५१,४९,९४२.३८
- प्रति मेगावाट लागत रु. १६,११,४४,४३१.६४
- कर्जा लगानी फिर्ता हुने अवधि Normal Payback Period ९ वर्ष, DiscountedPayback Period १३ वर्ष ।
- विधुत खरिद विक्री सम्झौतको मुख्य विवरण देहाय वमोजिम छ ।
  - विद्युत खरिद विक्री दर सुख्खा याममा प्रति युनिट रु.७.०० र वर्षा याममा प्रति युनिट रु ४.०० रहेको छ र सो दरमा ब्यापारिक उत्पादन सुरु हुने मितिको एक वर्ष पश्चात् प्रति वर्ष ३ प्रतिशतका हिसाबले ९ पटक वृद्धि हुनेछ।

- सम्झौताभन्दा बढी विद्युत उत्पादन भई बिक्री गरिएमा सो समयमा कायम दरको ५० प्रतिशतका दरले भुक्तानी प्राप्त हुने छ ।
- व्यापारिक उत्पादन सुरु हुने मितिमा विद्युत आपूर्ति गर्न नसकेमा वा आपूर्ति गरिएको विद्युत लिन नसकेमा ५ प्रतिशत हर्जानाको व्यवस्था गरिएको छ ।

**माईसाना क्यास्केड जलबिधुत आयोजना**

- जडित क्षमता ८ मेगावाट
- विद्युत उत्पादन अनुमतिपत्र प्राप्त मिति २०७०/०४/१५
- विद्युत खरिद बिक्री संझौता २०६९/१२/१४
- विद्युत खरिद बिक्री सम्झौता बहाल रहने अवधि व्यापारिक उत्पादन सुरु मितिले ३० वर्ष वा विद्युत उत्पादन अनुमतिपत्र बहाल रहने मिति मध्ये जुन घटि छ सो समयसम्म । अर्थात वि.सं. २१०५/०४/१४ गतेसम्म बहाल रहनेछ ।
- आयोजनाको निमार्ण प्रारम्भ भएको मिति २०७०/१/१०
- ब्यापारिक उत्पादन प्रारम्भ भएको मिति २०७४/१२/२६
- कूल लागत रु १,४२,४७,०३,८६७.८६
- प्रति मेगावाट लागत रु १७,८०,८७,९८३.४८
- कर्जा लगानी फिर्ता हुने अवधि Normal Payback Period ९ वर्ष, DiscountedPayback Period १३ वर्ष ।
- विधुत खरिद बिक्री सम्झौताको मुख्य विवरण देहाय बमोजिम रहेको छ ।
  - विद्युत खरिद बिक्री दर सुख्खा याममा प्रति युनिट रु.८.४० र वर्षा याममा प्रति युनिट रु ४.८० रहेको छ र सो दरमा ब्यापारिक उत्पादन सुरु हुने मितिको एक वर्ष पश्चात् प्रति वर्ष ३ प्रतिशतका हिसाबले ५ पटक वृद्धि हुनेछ ।
  - सम्झौताभन्दा बढी विधुत उत्पादन भई बिक्री गरिएमा सो समयमा कायम दरको ५० प्रतिशतका दरले भुक्तानी प्राप्त हुनेछ ।
  - व्यापारिक उत्पादन सुरु हुने मितिमा विद्युत आपूर्ति गर्न नसकेमा वा आपूर्ति गरिएको विद्युत लिन नसकेमा ५ प्रतिशत हर्जानाको व्यवस्था गरिएको छ ।

**लगानी भएका सहायक कम्पनीको नाम, शेयर स्वामित्व र संचालक समितिको बनौट निम्न अनुसार छ ।**

लगानी भएको कम्पनीको नामः के.बि.एन.आर इस्वा पावर लि.

शेयर स्वामित्वः १९ प्रतिशत (रु.५७,००,००,०००)

संचालक समितिमा रहेको व्यक्तिको नामः श्री विरेन्द्र बहादुर न्यौपाने अध्यक्ष

श्री रुमा राजभण्डारी संचालक

हिमाल दोलखा हाइड्रोपावर लि. को तर्फबाट श्री रन्जना दहाल संचालक

आयोजनाको नामः इस्वा खोला पिआरओआर जलविधुत आयोजना

आयोजनाको ठेगानाः मकालु गाउँपालिका, संखुवासभा

आयोजनाको क्षमताः ९७.२ मे.वा

आयोजना विधुत खरिद विक्री सम्झौताको मिति :२०७५/०६/२६

आयोजनाको विधुत उत्पादन अनुमति पत्र प्राप्त मितिः २०७७/०२/२९

आयोजनाको कुल लागतः रु. ११,३३,८३,३०,९२६

२) **कम्पनीको उद्देश्य :**

**कम्पनीको प्रबन्धपत्रको दफा ४ मा उल्लेख भए अनुसार कम्पनी कानुन तथा अन्य प्रचलित कानुनको अधिनमा स्वीकृती लिनु पर्ने भए सम्बन्धित निकायको स्वीकृति समेत लिई यस कम्पनीको उद्देश्य देहाय बमोजिम हुनेछ :**

क) जलविद्युत गृहको निर्माण गर्ने, विद्युत सम्बन्धी अनुसन्धान तथा सर्वेक्षण गर्ने, जलविद्युत उत्पादन गर्ने र विद्युत बिक्री वितरण गर्ने ।

ख) नेपाल विभिन्न स्थानमा रहेका नदी र खोलाहरुबाट जलविद्युत उत्पादन गरी थोक तथा खुद्रा बिक्री वितरण गर्ने र लिजमा लिने दिने ।

ग) जलविद्युत तथा अन्य विद्युत शक्ति उत्पादन सम्बन्धि आयोजनाहरुको विभिन्न भौतिक पूर्वाधारहरु जस्तै विद्युत प्रसारण वितरण लाईन, सवस्टेशनहरु र विद्युत गृहसम्म जान आउनको लागि विद्युत बाटो, पुल तथा सुरुङ्ग मार्ग निर्माण लगायतको आवश्यक निर्माण सञ्चालन एवम् मर्मत सम्भार सम्बन्धि कार्य गर्ने ।

घ) जलविद्युत तथा अन्य विद्युत उत्पादन सम्बन्धि पर्ने सम्पूर्ण सामानहरुको आयात निर्यात गर्ने ।

ङ) जलविद्युत तथा अन्य सौर्य वा वायु श्रोतहरुबाट विद्युत उत्पादनका लागि अध्ययन गर्ने गराउने । विद्युत उत्पादनको लागि आवश्यक दक्ष जनशक्तिको उत्पादन गर्ने, तालिम लगायतको आवश्यक कार्यहरु गर्नुका साथै विद्युत उत्पादन सम्बन्धि परामर्श प्रदान गर्ने गराउने ।

च) विद्युत उर्जाको आवश्यकता अनुसार जलविद्युत बाहेक अन्य सौर्य र वायु श्रोतहरुबाट पनि विद्युत उत्पादन गरी बिक्री वितरण गर्ने । सो सम्बन्धमा स्वदेशी वा विदेशी प्राविधिक तथा ईन्जिनियरिङ्ग परामर्श प्रदान गर्ने गराउने ।

**ङ) शेयर पूँजीको संरचना :**

**<u>अधिकृत पूँजीः</u>** कम्पनीको अधिकृत पूँजी रु. २,८०,००,००,०००/– (अक्षरेपी दुई अर्ब असी करोड) रहेको छ । उक्त पूँजीलाई रु. १००/– का दरले २,८०,००,०००/– थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**<u>जारी पुँजीः</u>** कम्पनीको जारी पूँजी रु. २,८०,००,००,०००/–/– (अक्षरेपी दुई अर्व असी करोड ) रहेको छ । उक्त पूँजीलाई रु. १००/- का दरले २,८०,००,०००/– थान साधारण शेयरमा बिभाजन गरिएको छ ।

**<u>चुक्ता पुँजी</u>**: कम्पनीको चुक्ता पूँजी रु. २,८०,००,००,०००/– ( अक्षरेपी दुई अर्व असी करोड मात्र) रहेको छ । उक्त पूँजीलाई रु. १००/– का दरले २,८०,००,०००/–थान साधारण शेयरमा बिभाजन गरिएको छ । यस हकप्रद शेयर निष्काशन सम्बन्धी ब्यबस्था तथा विवरणहरु मार्फत हकप्रद साधारण शेयर निष्काशन गरी बाँडफाँड गरे पश्चात कम्पनीको चुक्ता पूँजी रु. २,८०,००,००,०००/– (अक्षरेपी दुई अर्व अस्सि करोड मात्र ) हुनेछ ।

**अधिकृत, जारी तथा चुक्ता पूँजीमा भई आएको/परिवर्तन भएको भए तत्सम्बन्धी विवरण :**

| पूँजी सम्बन्धी विवरण | २०७१/७२ | २०७२/७३ | २०७४/७५ | २०७७/७८ | २०७८/७९ |
|---|---|---|---|---|---|
| **अधिकृत पूँजी** | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० |
| **जारी पूँजी** | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० |
| **चुक्ता पूँजी** | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० | १,६०,००,००,००० |

**च) हकप्रद शेयर निष्काशन गर्नुपूर्व र निष्काशन पश्चात् हुने संगठित संस्थाको चुक्ता पूंजीको संरचना :**

हकप्रद शेयर निष्काशन गरी बाँडफाँड गर्नु पूर्व यस कम्पनीको चुक्ता पूँजी रु. १,६०,००,००,०००/- रहेको छ । हकप्रद शेयर निष्काशन पश्चात् कम्पनीको चुक्ता पूँजी रु. २,८०,००,००,००० /- कायम हुनेछ । कम्पनीको मिति २०७९/०५/०४ गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ ।

**छ) हालका शेयरधनीहरुको समूह खुल्ने गरी संस्थापकहरुको हकमा निजहरुको नाम, ठेगाना तथा उनीहरुले लिएको शेयर संख्या :**

मिति २०७९/०५/०४गते देखि संस्थापक शेयरको कारोबार रोक्का लकईन पिरियड (Lock in Period) समाप्त भई संस्थापक शेयर साधारण शेयर सरह कारोबार भइरहेको छ । कम्पनीका सम्पूर्ण शेयर नेपाल स्टक एक्सचेञ्जमा कारोवार भईरहेको हुनाले हाल कुनै पनि शेयरधनीहरु समुहगत रुपमा नछुटिएको ।

**ज) निष्काशन गरिने हकप्रद शेयर संख्या र त्यसको अनुपात :**

कम्पनीको चुक्ता कुल साधारण शेयर संख्या १,६०,००,००० कित्ताको १ शेयर बराबर नयाँ ०.७५ शेयर (१ : ०.७५) को अनुपातमा प्रति शेयर रु.१००/- का दरले जम्मा १,२०,००,००० कित्ता हकप्रद साधारण शेयर निष्काशन गरिने छ ।

**झ) हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय तथा साधारण सभा सम्पन्न भएको मितिः**

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभाले गरेको निर्णय :** कम्पनीको संचालक समितिले मिति २०७९।०४।१३ गते बसेको बैठकमा र मिति २०७९/०५/१९ मा कम्पनीको तेह्रौं र चौधौं वार्षिक साधारण सभाबाट चुक्ता पूँजी को ७५ प्रतिशतले हुने गरी हकप्रद शेयर निष्काशन गर्ने निर्णय भयो ।

**हकप्रद शेयर निष्काशन गर्ने सम्बन्धमा साधारण सभा सम्पन्न भएको मिति** : कम्पनीको तेह्रौं र चौधौं वार्षिक साधारण सभा सम्पन्न भएको मिति २०७९/०५/१९ गते रहेको छ।
**नोटः** मिति:२०७९।०६।०२ मा विद्युत नियमन आयोगमा हकप्रद शेयरको सार्वजनिक निष्काशन गर्न पूर्व स्वीकृतिका लागि निवेदन पेश गरेको र मिति २०७९।०९।१८ मा विद्युत नियमन आयोगबाट स्वीकृति प्रदान गरेको छ।

**ञ) संचालकहरुको परिचय :**
कम्पनीको संचालक समितिमा हाल निम्न बमोजिमका सञ्चालकहरुले प्रतिनिधित्व गर्नु भएको छ।

| सि.नं. | नाम, ठेगाना | पद | राष्ट्रियता | शेयर स्वामित्व | शेयर प्रतिशत | शैक्षिक योग्यता | अनुभव (पूर्व र हाल कार्यरत) |
|---|---|---|---|---|---|---|---|
| १. | रन्जना दहाल | अध्यक्ष | नेपाली | १,४०,००० | ०.८७५ | एमबिएस | विगत २० वर्ष देखि जलविधुत आयोजनामा संलग्न रहि जलविधुत आयोजना प्रबद्धन तथा संचालन गरि रहेको। मिति २०७९ भाद्र १९ गते देखि हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि. मा अध्यक्ष पदमा रहि कार्य गरिरहेको। |
| २. | जितेन्द्र श्रेष्ठ | संचालक | नेपाली | १५०० | ०.००९३७५ | बि.ई सिभिल ईन्जिनियर | विगत २२ वर्ष देखि जलविधुत आयोजनामा संलग्न रहि जलविधुत आयोजना प्रबद्धन तथा संचालन गरि रहेको। मिति २०७९ भाद्र १९ गते देखि हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि. मा संचालक पदमा रहि कार्य गरिरहेको। |
| ३. | राजन श्रेष्ठ | संचालक | नेपाली | २०,००० | ०.१२५ | बि.ई इलेक्ट्रिकल ईन्जिनियर | विगत २० वर्ष देखि जलविधुत आयोजनामा संलग्न रहि जलविधुत आयोजना प्रबद्धन तथा संचालन गरि रहेको। मिति २०७९ भाद्र १९ गते देखि हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि. मा संचालक पदमा रहि कार्य गरिरहेको। |
| ४. | बिनोद बोलखे | संचालक | नेपाली | ५०० | ०.००३१२५ | प्लस टु | टेलि सेन्टर प्रा.लिमा विगत ९ वर्ष देखि प्रमुख कार्यकारी अधिकृत तथा संस्थापक भै कार्य गरेको तथा मिति २०७९ भाद्र १९ गते देखि हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि. मा संचालक पदमा रहि कार्य गरिरहेको। |
| ५. | श्याम नाथ कायस्थ | संचालक | नेपाली | १००० | ०.००६२५ | आइए | मिति २०७९ भाद्र १९ गते देखि हिमाल |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| | | | | | | | दोलखा हाइड्रोपावर कम्पनी लि. मा संचालक पदमा रहि कार्य गरिरहेको । |

**नोटः** सूचिकृत सङ्गठित संस्थाहरुको संस्थागत सुशासन सम्बन्धी निर्देशिका, २०७४ मा संचालकहरु सम्बन्धी व्यवस्थाहरुको पालना भएको व्यहोरा जानकारी गराईन्छ ।
यस कम्पनीमा स्वतन्त्र संचालक नरहेको र आगामी वार्षिक साधारण सभाबाट स्वतन्त्र संचालकको नियुक्तिको लागि कानुन बमोजिम प्रकिया अगाडी बढाइनेछ ।

**कम्पनीको प्रमुख कार्यकारी अधिकृतको विवरण :**

नाम : दिपक थापा
ठेगाना : धनकुटा–१
शैक्षिक योग्यता : बिई सिभिल
अनुभव : विगत ८ वर्ष देखि जलविधुत आयोजनामा संलग्न रहि जलविधुत आयोजना प्रवद्धन तथा संचालन गरि रहेको । मिति २०७९ भाद्र १९ गते देखि हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि. मा प्रमुख कार्यकारी अधिकृत पदमा रहि कार्य गरिरहेको ।

**ट) संचालक समितिको बनौट :**

कम्पनीको नियमावलीको नियम २७ (२) मा भएको व्यवस्था अनुसार ५ (पाँच) जना सञ्चालक सदस्य रहेको एक सञ्चालक समिति रहने व्यवस्था छ । सञ्चालक समितिमा सञ्चालक सदस्यहरूको प्रतिनिधित्व देहाय बमोजिम रहेको छ ।

| | |
|---|---|
| संस्थापक समुहबाट मनोनित वा निर्वाचित सञ्चालकहरू | ३ जना |
| सर्वसाधारण शेयरधनीहरूबाट निर्वाचित सञ्चालकहरू | २ जना |
| **जम्मा** | **५ जना** |

मिति २०७९/०५/०४ देखि संस्थापक शेयर कारोबार रोक्का फुकुवा (लकइन अवधी समाप्त) भई सम्पुर्ण शेयर साधारण शेयरमा परिणत भएको कारणले गर्दा सञ्चालक समितिमा संस्थापक समूह तथा सर्वसाधारण समूह भन्ने वर्गिकरण रहेको छैन ।
सञ्चालकहरूको कार्यकाल ४ वर्षको रहेको छ ।
कम्पनीको नियमावली नियम २८ मा भएको व्यवस्था अनुसार सञ्चालक हुनको लागि कम्पनीको कम्तीमा ५०० (पाँच सय) कित्ता शेयर आफ्नो नाममा खरिद गरेको हुनु पर्नेछ । यस्तो शेयर खरिद गर्ने व्यक्तिले आफ्नो शेयर कुनै व्यहोराले कसैलाई धितो बन्धक दिएको वा राखेको हुनु हुँदैन । तर स्वतन्त्र संचालक र संगठित संस्थाको प्रतिनिधित्व गर्ने सञ्चालकको हकमा उपरोक्त व्यवस्था लागु हुने छैन ।
**नोटः** यस कम्पनीमा स्वतन्त्र संचालक नरहेको र आगामी वार्षिक साधारण सभाबाट स्वतन्त्र संचालकको नियुक्तिको लागि कानुन बमोजिम प्रकिया अगाडी बढाइनेछ ।

**ठ) लिनुपर्ने न्यूनतम शेयर संख्या र दरखास्त साथ पठाउनु पर्ने पेश्की रकम :**

हकप्रद शेयर निष्कासन प्रयोजनको लागि कम्पनीले हकप्रद शेयर निष्कासन पूर्व सार्वजनिक सूचना मार्फत जानकारी गराएको मितिसम्ममा शेयर खरिद गरी कायम भएका साविकका शेयरधनीहरुले आफ्नो नाममा कायम रहेको साधारण शेयरको १ शेयर बराबर नयाँ ०.७५ शेयर (१ :०.७५) को अनुपातमा प्रति शेयर रु. १००/– का दरले हुन आउने एकमुष्ट रकम भुक्तानी गरी आवेदन दिन सक्नेछन् । साविकका शेयरधनीले चाहेमा आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**ड) साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई बाँकी रहन गएका शेयरहरुको विकी गर्ने सम्बन्धी व्यवस्था :**

साविकका शेयरधनीहरुले हकप्रद शेयर खरिदका लागि दरखास्त नदिई वा आफ्नो हक अनुसारको शेयर भन्दा कम शेयरको लागि आवेदन दिई शेयरहरु बाँकी रहन गएको खण्डमा यसरी बाँकी रहन गएका अवितरित शेयरहरुको सम्बन्धमा “धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका, २०७४” मा भएको व्यवस्था अनुसार सञ्चालक समितिले तोकेबमोजिम अत्यन्त पारदर्शी तरिकाद्वारा (जस्तै लिलाम बढाबढ) बिक्री गरिनेछ । यसरी बिक्री गर्दा खरिद गर्न चाहने लगानीकर्ताहरु सबैलाई समान अवसर प्रदान गरिनेछ ।

**ढ) हकप्रद शेयरको अनुपात भन्दा बढि शेयर खरिद गर्न पाउने/नपाउने सम्बन्धी व्यवस्था :**

शेयरधनीहरुले आफूले हकप्रद आधारमा दरखास्त गर्न पाउने भन्दा बढी शेयर खरिदका लागि दरखास्त दिन मिल्ने छैन तर आवेदन दिंदा साविकका शेयरधनीहरुको आफ्नो हक वापतको शेयर खण्डित हुने भएमा खण्डित शेयरलाई माथिल्लो पूर्ण कित्ताको रुपमा आवेदन दिन सक्नेछन् । उदाहरणको लागि आवेदन दिनुपर्ने कित्ता खण्डित अर्थात ३.१ हुन आएमा खण्डितको रुपमा रहेको अंकको माथिल्लो अंक अर्थात ४ कित्ताका (खण्डित शेयर ३.१ को माथिल्लो पूर्णाङ्क भनेको ४ भएकोले) लागि प्रति शेयर रु १०० कित्ताका दरले आवेदन दिन सक्नेछन् । यसरी आवेदन गर्दा पूँजी संरचना परिवर्तन हुने अवस्था आएमा कम्पनीको प्रबन्धपत्र तथा नियमावलीमा आवश्यक संशोधन गर्ने र थप धितोपत्रहरु बोर्डमा दर्ता गर्न साधारण सभाबाट निर्णय गराइनेछ । तर साविक शेयरधनीले आफ्नो कायम हकभन्दा कम हकप्रद शेयर खरिद गर्न आवेदन दिन सक्नेछन् र यसरी आफ्नो हकभन्दा कम हकप्रद शेयर खरिदका लागि आवेदन दिने शेयरधनीहरुको हकमा दरखास्तमा माग गरे बमोजिम नै हकप्रद शेयर बाँडफाँट गरिनेछ ।

**ण) संगठित संस्थाको सञ्चालन अवधि तीन वर्ष व्यतीत भैसकेको अवस्थामा विगत तीन वर्षको र तीन वर्ष व्यतीत भैनसकेको अवस्थामा सञ्चालन अवधिको वित्तीय विवरण वा साथै प्रक्षेपित प्रति शेयर आम्दानी (EPS), प्रति शेयर नेटवर्थ, नेटवर्थमा प्रतिफल र निष्काशन पूर्वको प्रति शेयर आम्दानी कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक प्रतिफल**

विगत तीन वर्षको वास्तविक तथा आगामी तीन वर्षका लागि अनुमानित वित्तीय स्थिति देहाय अनुसार छ ।

**लेखापरिक्षण भएको विगत तिन आर्थिक वर्षको वास्तविक वित्तीय विवरण**

**वासलात**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ | आ.ब.०७८/०७९ |
| **सम्पत्ति** | | | |
| **गैर चालु सम्पत्ति** | | | |
| स्थिर सम्पत्ति | २,१५६,९९३,१९२ | २,१५६,९९३,१९२ | २,१५६,९९३,१९२ |
| न्युनः संचित ह्रासकट्टी | (२७०,५३७,००६) | (३४०,१७१,५११) | (४१२,१७०,६०० ) |
| कुल स्थिर सम्पत्ति | १,८८६,४५६,१८६ | १,८१६,८२१,६८१ | १,७४४,८२२,५९२ |
| लगानी | ३००,०००,००० | ३००,०००,००० | ३००,०००,००० |
| **जम्मा गैर चालु सम्पत्ति** | **२,१८६,४५६,१८६** | **२,११६,८२१,६८१** | **२,०४४,८२२,५९२** |
| | | | |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | १,३४८,१५८ | ६८३,९९९ | ६९४,२६० |
| प्राप्त हुन बाँकी | ३७,३३१,९९८ | १३,७२७,०२३ | १०,३५७,७९७ |
| पेश्की तथा धरौटी | ३०४,५९९,५०८ | २६०,३१२,८३६ | २६५,५८६,६१७ |
| **जम्मा चालु सम्पत्ति** | **३४३,२७९,६६४** | **२७४,७२३,८५८** | **२७६,६३८,६७४** |
| **जम्मा सम्पत्ति** | **२,५२९,७३५,८५०** | **२,३९१,५४५,५३८** | **२,३२१,४६१,२६६** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | १,६००,०००,००० | १,६००,०००,००० | १,६००,०००,००० |
| अन्य पूँजी | (२७४,३७१,७२६) | (४१०,२४२,६८६) | (५०३,३७६,७००) |
| **जम्मा पूँजी** | **१,३२५,६२८,२७४** | **१,१८९,७५७,३१४** | **१,०९६,६२३,३००** |
| **दिर्घकालिन ऋण** | | | |
| सुरक्षित आवधिक कर्जा | १,०७१,२८७,२५४ | ९९७,६२५,८२१ | ८५०,२३३,८४८ |

| | | | |
|---|---|---|---|
| **जम्मा दिर्घकालिन कृण** | **१,०७१,२८७,२५४** | **९९७,६२५,८२१** | **८५०,२३३,८४८** |
| **चालु दायित्व तथा व्यवस्था** | | | |
| अल्पकालिन कर्जा | ७२,०६४,८४१ | ११२,६६०,७७१ | २०५,९३२,६२४ |
| चालु कर दायित्व | - | - | - |
| अन्य दायित्व | ६०,७५५,४८१ | ९१,५०१,६३२ | १६८,६७१,४९४ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **१३२,८२०,३२२** | **२०४,१६२,४०३** | **३७४,६०४,११८** |
| **जम्मा पूँजी तथा दायित्व** | **२,५२९,७३५,८५०** | **२,३९१,५४५,५३८** | **२,३२१,४६१,२६६** |

**नाफा नोक्सान हिसाब**

| **विवरण** | **वास्तविक** | | |
|---|---|---|---|
| | **आ.ब.०७६/०७७** | **आ.ब.०७७/०७८** | **आ.ब.०७८/०७९** |
| बिद्युत बिक्री आम्दानी | २२०,९०९,८६२ | १४८,१२२,४९३ | १०१,४४५,७५७ |
| जोडः अन्य आम्दानी | ९७५,३८८ | ३,५६४ | ४२,९२३,४७० |
| | | | |
| **खुद नाफा** | **२२१,८८५,२५०** | **१४८,१२६,०५७** | **१४४,३६९,२२७** |
| **न्यूनः** | | | |
| न्यूनः परियोजना खर्च | २३,७०५,३३६ | ६०,३२७,३०५ | ४८,९५३,७९० |
| न्यून:रोयल्टी खर्च | ५,४३४,९१५ | ३,२५४,०८१ | २,९२९,२३२ |
| **सचांलन खर्चहरु** | | | |
| प्रशासनिक खर्च | ७,८३०,५६४ | १,११९,००० | १,२९९,००० |
| अपलेखन खर्च | | | |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | | | |
| **संचालन नाफा** | **१८४,९१४,४३४** | **८३,४२५,६७१** | **९१,१८७,२०५** |
| **अन्य खर्चहरु** | | | |
| ब्याज खर्च | १३१,५५२,३४४ | १२९,६६२,१२६ | ११२,३२२,१३० |
| ह्रास खर्च | ६९,६४५,५०३ | ८९,६३४,५०५ | ७१,९९९,०८९ |
| **कर अघिको नाफा/(नोक्सान)** | **-१६,२८३,४१३** | **-१३५,८७०,९६०** | **-९३,१३४,०१४** |
| प्रस्तावित बोनस | | | |
| चालु आयकर | - | - | - |
| डेफर्ड आयकर | - | - | - |
| **यस वर्षको खुद नाफा/(नोक्सान)** | **-१६,२८३,४१३** | **-१३५,८७०,९६०** | **-९३,१३४,०१४** |
| **अन्य विस्तृत आम्दानी** | | | |
| **नाफा/(नोक्सान) हिसाबमा स्थानान्तर नहुने रकम** | | | |
| Fair Vaue मा मापन गर्दा ईक्वीटी उपकरणको लगानीमा नाफा/(नोक्सान) | - | - | - |
| **जम्मा अन्य विस्तृत आम्दानी** | - | - | - |
| **यस वर्षको जम्मा अन्य विस्तृत आम्दानी** | **-१६,२८३,४१३** | **-१३५,८७०,९६०** | **-९३,१३४,०१४** |

**नगद प्रवाह विवरण**

| विवरण | वास्तविक | | |
|---|---|---|---|
| | आ.ब.०७६/०७७ | आ.ब.०७७/०७८ | आ.ब.०७८/०७९ |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | -१६,२८३,४१३ | -१३५,८७०,९६० | -९३,१३४,०१४ |
| जोडः आर्थिक खर्च | १३१,५५२,३४४ | १२९,६६२,१२६ | ११२,३२२,१३० |
| जोडः सम्पत्ति निर्सगबाट नोक्सान | | | |
| जोडः ह्रासकट्टी | ६९,६४५,५०३ | ६९,६३४,५०५ | ७१,९९९,०८९ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अधिको नगद प्रवाह** | **१८४,९१४,४३४** | **६३,४२५,६७१** | **९१,१८७,२०५** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | -१९१,७९७,९५१ | ६७,८९१,६४८ | -१,९०४,५५६ |
| चालु दायित्वमा वृद्धि/(कमी) | -१०५,७०६,०४७ | ७१,३४२,०८१ | १७०,४४१,७१५ |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **१०,२३९,५८२** | **२०२,६५९,३९९** | **२५९,७२४,३६४** |
| | | | |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | | | |
| लगानीमा (वृद्धि)/कमी | - | - | |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | - | - | |
| न्यून: सम्पत्ति निर्सग | | | |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **-** | **-** | |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| बैक कर्जामा बृद्धि/(कमी) | -६४३,२११,०६८ | | -१४७,३९१,९७३ |
| | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | ७८०,०००,००० | -७३६६१४३२.७ | |
| लाभांश | -१५,२७९,००० | | |
| वित्तिय लागत | -१३१,५५२,३४४ | -१२९,६६२,१२६ | -११२,३२२,१३० |
| | | | |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **-१०,०४२,४१२** | **-२०३,३२३,५५९** | **-२५९,७१४,१०३** |
| | | | |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१९७,१६९** | **-६६४,१५९** | **१०,२६१** |
| | | | |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | १,१५०,९८९ | १,३४८,१५८ | ६८३,९९९ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **१,३४८,१५८** | **६८३,९९९** | **६९४,२६०** |

**नोटः** कम्पनीले के.बि.एन.आर इस्वा पावर लि. द्वारा निर्माण भइरहेको इस्वा खोला पिआरओआर जलविधुत आयोजना ९७.२ मे.वा मा रु. ५७,००,००,००० खर्च गरि सकेकोमा के.बि.एन.आर इस्वा पावर लि. को हाल सम्मको शेयर लगतमा रु. ३०,००,००,००० समावेश भैसकेको तथा बाँकी रु. २७,००,००,००० के.बि.एन.आर इस्वा पवार लि.को नयाँ बन्ने शेयर लगतमा समावेश हुने भएकोले उक्त बाँकी रकम कम्पनीको वालातमा पेश्की तथा धरौटीको रुपमा रहेको छ।

**लगानी**

| क.सं | विवरण | लगानी रकम |
|---|---|---|
| १. | के.बि.एन.आर इस्वा पवार लि.द्वारा निर्माण भई रहेको इसुवा खोला पिआरओआर जलविधुत आयोजना ९७.२ मे.वा मा लगानी | ३०,००,००,०००/ |

**पेश्की तथा धरौटी**

| क.सं | विवरण | लगानी रकम |
|---|---|---|
| १. | के.बि.एन.आर इस्वा पवार लि.द्वारा निर्माण भई रहेको इसुवा खोला पिआरओआर जलविधुत आयोजना ९७.२ मे.वा मा लगानीको लागि अग्रिम भुत्तानी गरेको | २५,६४,६२,०००/ |
| २. | भन्सार विभागका लागि Exim Code बनाउनको लागि बैंक ग्यारेण्टी मार्जिन बैंकमा जम्मा गरेको (आयोजनालाई आवश्यक पर्ने नेपालमा उत्पादन नहुने सामाग्री आयात गर्नका लागि) | ३,००,०००/– |
| ३. | एभरेष्ट इन्स्यूरेन्स मिति २०७८।०७।०२ मा अविरल वर्षाका कारण क्षति भएका संरचनाहरुको बीमा दाबी गरेको | ३०,८०,४०५.२८ |

- परियोजना खर्चमा Short Supply of Energy भन्नाले आयोजनाले विद्युत खरिद विक्री सम्झौतामा उल्लेख भए बमोजिमको इनर्जी उपलब्ध गराउन नसकेको खण्डमा कम्पनीले नेपाल विधुत प्राधिकरणलाई बुझाउने जरिवाना बुझिन्छ । सो जरिवाना कम्पनीले नेपाल विधुत प्राधिकरणलाई बुझाउने मासिक विलमा विधुत खरिद विकी सम्झौताको अनुसुचि ३ को दफा १०.१ अनुसार कट्टा भई बाँकी रहेको रकम कम्पनीलाई भुक्तानी हुने गरेको छ ।

- आर्थिक वर्ष २०७८/७९ को वासलातमा व्यवसायिक तथा अन्य दायित्व अन्तर्गत रहेको रकम रु. १३.६४ करोड आयोजनाको व्यवस्थापन, परियोजना खर्च तथा बैंक तथा वित्तिय संस्थालाई नपुग भएको सावाँ तथा व्याज रकम तिर्नका लागि लिएको । उक्त लिएको रकमको तालिका निम्म अनुसार रहेको तथा उक्त दायित्वलाई लेखा परिक्षकले समेत लेखा परिक्षण विवरणमा प्रमाणित गरिसकेको छ ।

| क.सं | विवरण | रकम |
|---|---|---|
| १. | व्यवस्थापन तथा परियोजना खर्च (यस अन्तगर्त २०७४ साल देखि २०७९ साल भाद्र सम्मको तलब भत्ता, बिमा शुल्क, घर भाडा तथा अन्य खर्चहरु) | ६,४३,७८,५६३.६७/– |
| २. | बैंक तथा वित्तिय संस्थाको साँवा तथा व्याज भुक्तान | ७,२०,१७,१७९.९८/– |
| जम्मा | | १३,६३,९५,७४३.६५/– |

**नोटः** संस्था संग भएको सम्बद्ध पक्ष बीच निम्म कारोबारहरु रहेको छ ।

| **क.सं** | **विवरण** | **सम्बद्ध पक्ष बीचको कारोबार रकम** |
|---|---|---|
| १. | बिरेन्द्र बहादुर न्यौपाने | रु.१३,६३,९५,७४३.६५/- |
| २. | के.बि.एन.आर इस्वा पवार लि.द्वारा निर्माण भई रहेको इसुवा खोला पिआरओआर जलविधुत आयोजना ९७.२ मे.वा मा लगानी | रु.३०,००,००,०००/- |

| | | |
|---|---|---|
| ३. | के.बि.एन.आर इस्वा पवार लि.द्वारा निर्माण भई रहेको इसुवा खोला पिआरओआर जलविधुत आयोजना ९७.२ मे.वा मा लगानीको लागि अग्रिम भुक्तानी गरेको | रु.२५,६४,६२,०००/- |

## कम्पनीको आगामी ३ वर्षको प्रक्षेपित वित्तीय विवरण

**वासलात**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.ब.२०७९/०८० | आ.ब.२०८०/०८१ | आ.ब.२०८१/०८२ |
| **सम्पत्ति** | | | |
| **दिर्घकालिन सम्पत्ति** | | | |
| सम्पत्ति, प्लाण्ट तथा मेसिनरी | १,६७२,८२७,००२ | १,६००,८३७,५२४ | १,५२८,८५१,१२२ |
| लगानी | ५७०,०००,००० | ५७०,०००,००० | ५७०,०००,००० |
| **जम्मा दिर्घकालिन सम्पत्ति** | **२,२४२,८२७,००२** | **२,१७०,८३७,५२४** | **२,०९८,८५१,१२२** |
| **चालु सम्पत्ति** | | | |
| नगद तथा बैंक मौज्दात | ३४,९०,७८९ | २७१,६७८,८३९ | ५६३,६३६,२८१ |
| प्राप्त हुन बाँकी | ४९,९४७,७११ | ४९,९४७,७११ | ४९,९४७,७११ |
| पेश्की, धरौटी | ६,०९४,०३४ | ६,२७६,८५५ | ६,४६५,१६१ |
| **जम्मा चालु सम्पत्ति** | **५९,५३२,५३४** | **३२७,९०३,४०५** | **६२०,०४९,१५२** |
| **जम्मा सम्पत्ति** | **२,३०२,३५९,५३६** | **२,४९८,७४०,९२८** | **२,७१८,९००,२७४** |
| **पूँजी तथा दायित्व** | | | |
| **पूँजी** | | | |
| शेयर पूँजी | २,८००,०००,००० | २,८००,०००,००० | २,८००,०००,००० |
| संचित जगेडा तथा कोष/(घाटा) | -५२३,०२१,३१४ | -३०१,६४१,३१२ | -८१,४८३,३९८ |
| **जम्मा पूँजी** | **२,२७६,९७८,६८६** | **२,४९८,३५८,६८८** | **२,७१८,५१६,६०२** |
| **दिर्घकालिन ऋृण** | | | |
| सुरक्षित आवधिक कर्जा | | | |
| **जम्मा दिर्घकालिन ऋृण** | | | |
| **चालु दायित्व तथा व्यवस्था** | | | |
| अल्पकालिन कर्जा | | | |
| अन्य दायित्व | २५,३८०,८५० | ३८२,२४१ | ३८३,६७३ |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **२५,३८०,८५०** | **३८२,२४१** | **३८३,६७३** |
| **जम्मा पूँजी तथा दायित्व** | **२,३०२,३५९,५३६** | **२,४९८,७४०,९२८** | **२,७१८,९००,२७४** |

**नाफा नोक्सान हिसाब**

| विवरण | प्रक्षेपित | | |
|---|---|---|---|
| | आ.ब.२०७९/०८० | आ.ब.२०८०/०८१ | आ.ब.२०८१/०८२ |
| **कुल आम्दानीः** | | | |
| बिद्युत बिक्री आम्दानी | १९४,७४२,५२५ | २९९,६८६,२६४ | २९९,६८६,२६४ |
| जोडः अन्य आम्दानी (लाभासं के.बि.एन.आर इस्वा पावर लि.) | | ५७,०००,००० | ५७,०००,००० |
| **जम्मा आम्दानीः** | **१९४,७४२,५२५** | **३५६,६८६,२६४** | **३५६,६८६,२६४** |

| | | | |
|---|---|---|---|
| न्यून: | | | |
| रोयल्टी खर्च | ५,१४४,८५१ | ७,२४३,७२५ | ७,२४३,७२५ |
| परियोजना खर्च | ४०,२५७,७८६ | ४१,४६५,५१९ | ४२,७०९,४८५ |
| **खुद नाफा** | **१४९,३३९,८८९** | **३०७,९७७,०२०** | **३०६,७३३,०५४** |
| न्यून: | | | |
| **सचांलन खर्चहरु** | | | |
| प्रशासनिक खर्च | ४,७५७,४६४ | २,००६,०१८ | २,०५६,०२८ |
| **सचांलन नाफा** | **१४४,५८२,४२५** | **३०५,९७१,००२** | **३०४,६७७,०२६** |
| न्यून: | | | |
| **गैर सचांलन खर्चहरु** | | | |
| व्याज खर्च | ९२,२३७,५६० | | |
| ह्रास खर्च | ७१,९८९,४७९ | ७१,९८६,४०२ | ७१,९८४,०९४ |
| **कर र बोनस अघिको नाफा/(नोक्सानी)** | **-१९,६४४,६१४** | **२३३,९८४,६००** | **२३२,६९२,९३२** |
| न्यून: | | | |
| कर्मचारी बोनसको व्यवस्था | | ४,६७९,६९२ | ४,६५३,८५९ |
| **कर अघिको नाफा/(नोक्सानी)** | **-१९,६४४,६१४** | **२२९,३०४,९०८** | **२२८,०३९,०७३** |
| चालु आयकर | | ७,९२४,९०६ | ७,८८१,१५९ |
| डेफर्ड आयकर | | | |
| **खुद नाफा / (नोक्सानी)** | **-१९,६४४,६१४** | **२२१,३८०,००२** | **२२०,१५७,९१४** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | | | |
| यस बर्षको नाफा / (नोक्सानी) | -१९,६४४,६१४ | २२१,३८०,००२ | २२०,१५७,९१४ |
| अघिल्लो बर्षसम्मको नाफा /(नोक्सानी) | -५०३,३७६,७०० | -५२३,०२१,३१४ | -३०१,६४१,३१२ |
| प्रस्तावित भुक्तानी | | | |
| **वासलतमा सारिएको** | **-५२३,०२१,३१४** | **-३०१,६४१,३१२** | **-८१,४८३,३९८** |

**नगद प्रवाहको विवरण**

| **विवरण** | **प्रक्षेपित** | | |
|---|---|---|---|
| | **आ.ब.२०७९/०८०** | **आ.ब.२०८०/०८१** | **आ.ब.२०८१/०८२** |
| **कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| यस बर्षको नाफा/(नोक्सान) | -१९,६४४,६१४ | २२१,३८०,००२ | २२०,१५७,९१४ |
| जोडः आर्थिक खर्च | ९२,२३७,५६० | | |
| जोडः ह्रसकट्टी | ७१,९८९,४७९ | ७१,९८६,४०२ | ७१,९८४,०९४ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | **१४४,५८२,४२५** | **२९३,३६६,४०४** | **२९२,१४२,००८** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | २१९,९०२,६७० | -१८२,८२१ | -१८८,३०६ |
| चालु दायित्वमा वृद्धि/(कमी) | -३४९,२१७,१५७ | -२४,९९८,६१० | १,४३२ |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | **-१५,२६७,९३७** | **२६८,१८४,९७३** | **२९१,९५५,१३४** |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | | | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | | | |
| लगानीमा (वृद्धि)/कमी | -२७०,०००,००० | | |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | | ३,०७७ | २,३०८ |

| | | | |
|---|---|---|---|
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | **-२७०,०००,०००** | ३,०७७ | २,३०८ |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | | | |
| शेयर लगानीमा बृद्धि/(कमी) | १,२००,०००,००० | | |
| बैक कर्जामा बृद्धि/(कमी) | -८५०,२३३,८४८ | | |
| लाभांश | | | |
| वित्तिय लागत | -९२,२३७,५६० | | |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **२५७,५२८,५९२** | ० | ० |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह ( क+ख+ग)** | २,७९६,५२९ | **२६८,१८८,०५०** | **२९१,९५७,४४२** |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ६९४,२६० | ३,४९०,७८९ | २७१,६७८,८३९ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **३,४९०,७८९** | **२७१,६७८,८३९** | **५६३,६३६,२८१** |

**नोटः** माथि नाफा नोक्सानी हिसाबमा विद्युत बिक्रीबाट हुने आम्दानी घट्दो क्रम रहेको कारण नदीमा पानीको बहाव कम भएको तथा समय समयमा अविरल वर्षाका कारण बाढी तथा पहिरो गई आयोजनालाई क्षति पुर्‍याएको र सो क्षति भएको संरचनाहरुको मर्मत सम्भार गर्न समय लागेको हुदाँ विद्युत खरिद सम्झौता भएभन्दा आम्दानी ज्यादै न्युन रहेको छ ।

(ख) कम्पनीको अनुमानित वित्तीय व्यवस्था र सबै दायित्व सारिसकेपछि खुद बाँकी हुने सम्पत्ति नेटवर्थ) देहाय बमोजिम रहेको छ ।

| **विवरण** | **वास्तविक** | | | **प्रक्षेपित** | | |
|---|---|---|---|---|---|---|
| | **आ.ब.** | **आ.ब.** | **आ.ब.** | **आ.ब.** | **आ.ब.** | **आ.ब.** |
| | **२०७६/०७७** | **२०७७/०७८** | **२०७८/०७९** | **२०७९/०८०** | **२०८०/०८१** | **२०८१/०८२** |
| चुक्ता पुंजी | १,६००,०००,००० | १,६००,०००,००० | १,६००,०००,००० | २,८००,०००,००० | २,८००,०००,००० | २,८००,०००,००० |
| जगेडा तथा कोषहरु | -२७४,३७१,७२६ | -४१०,२४२,६८६ | -५०३,३७६,७०० | -५२३,०२१,३१४ | -३०१,६४१,३१२ | -८१,४८३,३९८ |
| **कुल** | **१,३२५,६२८,२७४** | **१,१८९,७५७,३१४** | **१,०९६,६२३,३००** | **२,२७६,९७८,६८६** | **२,४९८,३५८,६८८** | **२,७१८,५१६,६०२** |
| घटाउने : अपलेखन गर्न बाँकी खर्च (Fictitious Assets) | | | | | | |
| **कुल नेटवर्थ** | **१,३२५,६२८,२७४** | **१,१८९,७५७,३१४** | **१,०९६,६२३,३००** | **२,२७६,९७८,६८६** | **२,४९८,३५८,६८८** | **२,७१८,५१६,६०२** |
| शेयर संख्या | १६,०००,००० | १६,०००,००० | १६,०००,००० | २८,०००,००० | २८,०००,००० | २८,०००,००० |
| प्रति शेयर नेटवर्थ ( रु.) | ८२.८५ | ७४.३६ | ६८.५४ | ८१.३२ | ८९.२३ | ९७.०९ |
| प्रति शेयर चुक्ता पुंजी | १०० | १०० | १०० | १०० | १०० | १०० |
| प्रति शेयर आम्दानी (EPS) | -१.०२ | -८.४९ | -५.८२ | -०.७ | ७.९१ | ७.८६ |
| नेटवर्थमा औसत प्रतिफल | -१.२४% | -११.४२% | -८.४९% | -०.८६% | ८.८६% | ८.१०% |
| निष्काशन पूर्वको प्रति शेयर आम्दानी (EPS) कायम राख्न बृद्धि हुने नेटवर्थमा आवश्यक न्यूनतम प्रतिफल प्रतिशतमा | | | | | | -७.१०% |

कम्पनीको वित्तिय विवरण प्रक्षेपण विगत बर्षको कारोबारको आधारमा निष्काशन कम्पनीले तयार गरेको हो । उक्त वित्तिय प्रक्षेपणको आधारहरु तथा तरिका पुनरावलोकन गरि ठिक छ भनि श्री आई पि मैनाली एण्ड एसोसियट्सले गर्नु भएको हो ।

**वित्तीय प्रक्षेपणका प्रमुख आधारहरु :**

| सि.न | विवरण | आधारहरु |
|---|---|---|
| १ | माई खोला साना जलविधुत आयोजना ४.५ मे.वा को व्यापारिक उत्पादन मिति (हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.) | २०६७/११/०१ |
| २ | माई साना क्यासकेड जलविधुत आयोजना ८ मे.वा को व्यापारिक उत्पादन मिति (हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि.) | २०७४/१२/२६ |
| ३ | विद्युत बिक्री वापत आम्दानी | ने.वि.प्रा संग भएको विद्युत खरिद विक्री सम्झौता बमोजिम ५ वर्ष सम्म ३ प्रतिशतको दरले बृद्धि |
| ४ | लाइन लस डिडक्सन | माई खोला साना जलविधुत आयोजना ४.५ को विधुत खरिद विकी सम्झौताको दफा ११.७ मा उल्लेख भए अनुसार कनेक्शन एग्रीमेन्ट मा व्यवस्था भए अनुसार १.५२ प्रतिशत लाइन लस डिडक्सन गर्ने तथा माई साना क्यासकेड जलविधुत आयोजना ८ मे.वा मा लाइन लस डिडक्सन नरहेको । यसले वित्तिय विवरण मा कुनै असर नगर्ने । |
| ५ | प्रशासनिक तथा उत्पादन खर्च (ब्याज र ह्रास बाहेक) | ३ प्रतिशतले बृद्धि |
| ६ | रोयल्टी खर्च | विद्युत ऐन २०४९ को दफा ११ (१) अनुसार व्यापारि उत्पादन शुरु गरेको १५ बर्ष सम्म प्रति जडित किलोवाट वार्षिक एक सय रुपैया र प्रति युनिट ( किलोवाट घण्टा) सरदर विकी मुल्यको २ प्रतिशत (माई खोला जलविधुत आयोजना ४.५ मे.वा को व्यापारिक उत्पादन शुरु भएको मिति २०६७ फागुन १ देखि २०८२ माघ ३० सम्म तथा माई साना क्यासकेड जलविधुत आयोजना ८ मे.वा को व्यापारिक उत्पादन शुरु भएको मिति २०७४ चैत्र २६ गते देखि २०८९ चैत्र २५ गते सम्म) |
| ७ | ब्याज खर्च | आ.ब. २०७८/७९ को लागि १०.६३ प्रतिशत<br>आ.ब २०७९/८० मा हकप्रद शेयरबाट प्राप्त रकमले आगामी चौत्र महिना सम्म सम्पूर्ण कर्जा तिर्ने भएकोले पौष मसान्त सम्म मात्रको ब्याज खर्च लाग्ने |
| ८ | ह्रास खर्च | SLM आधारमा ३० वर्षमा परिशोधन गरिएको |
| ९ | बोनस खर्च | आयोजनाको संचालन आयबाट बार्षिक खुद नाफाको २ प्रतिशत |
| १० | बिमा शुल्क | कूल सम्पत्तिको ०.२७ प्रतिशत |
| ११ | हकप्रद शेयर वापत प्राप्त रकम | हकप्रद निष्काशन वापत प्राप्त सम्पूर्ण रकम कम्पनीले तिर्नु पर्ने सम्पूर्ण कर्जा तथा दायित्वहरु तिर्ने । |
| १२ | विद्युतको अनुमानित उत्पादन | ने.वि.प्रा संग भएको विद्युत खरिद विक्री सम्झौता बमोजिमको पहिलो संशोधन बमोजिम अनुसूचि २ मा रहेको इर्नेजी तालिका अनुसारको ६५ प्रतिशत विद्युत उत्पादन हुने अनुमानित गरिएको छ । |
| १३. | अन्य आम्दानी | कम्पनीले लगानी गरेको इसुवा खोला जलविद्युत आयोजना ९७.२ मेगावाट बाट प्राप्त गरेको लाभांश |
| १४. | लगानी | के.बि.एन.आर इस्वा पवार लि.द्वारा निर्माण भई रहेको इसुवा खोला पिआरओआर जलविधुत आयोजना ९७.२ मे.वा मा लगानी गरेको छायस इसुवा खोला पिआरओआर जलविधुत आयोजना ९७.२ मे.वा. आ.व.२०८०।८१ मा १० प्रतिशतका दरले लाभांश वितरण गर्न । |
| १५. | आयकर | माईखोला साना जलविद्युत आयोजना ४.५ मेगावाटको आ.व.२०८०।८१ देखि १० प्रतिशत तथा आ.व. २०८५।८६ देखि आयोजना अवधि सम्म २० प्रतिशत आयकर तिर्नेछ ।<br>माई साना क्यास्केड जलविद्युत आयोजना ८ मेगावाटको आ.व.२०८४।८५ देखि १० प्रतिशत तथा आ.व. २०९०।९१ देखि आयोजना अवधि सम्म २० प्रतिशत आयकर तिर्नेछ । |

**<u>वित्तीय प्रक्षेपणका तरिकाहरु :</u>**

| क. सं | विवरण | आ.व २०७९/८० प्रतिशतमा | आ.व २०८०/८१ प्रतिशतमा | आ.व २०८१/८२ प्रतिशतमा |
|---|---|---|---|---|
| १ | विद्युत विक्री वापतको आयमा औषत बृद्धिदर | ९१.९६७ | ५३.८८८ | ० |
| २ | अन्य आम्दानी वापतको आयमा औषत बृद्धिदर | -१०० | ० | ० |
| ३ | कुल खर्चमा औषत बृद्धिदर ( ब्याज/ह्रास बाहेक) | -५.६८२ | १.१०६ | २.५५१ |
| ४ | संचालन खर्च तथा कुल आम्दानी अनुपात | २.४४% | ०.६७% | ०.६९% |
| ५ | खुद मुनाफामा औषत बृद्धिदर | ७८.९०७ | १२२६.९२४ | -०.५५२ |
| ६ | **आयकर व्यवस्था** | | | |
| क | अन्य आम्दानीमा रु | ० | ५७,000,000 | ५७,000,000 |
| ख | विधुत विक्री वापतको आयमा | | | |
| ७ | प्रतिशेयर आम्दानी रु | -१.२२७ | १३.८३६ | १३.७५९ |
| ८ | इक्विटिमा प्रतिफल | -०.००८ | ०.८८६ | ०.०८ |
| ९ | सम्पत्तिमा प्रतिफल | -०.०११ | ०.१०१ | ०.१३७ |

**नोटः** विद्युत बिक्री बापतको आम्दानीमा विद्युत खरिद सम्झौता बमोजिम पाँच वर्षसम्म तीन प्रतिशतका दरले वृद्धि हुने उल्लेख गरिएको मितिहरुः

| अवधि<br>व्यापारिक उत्पादन शुरु हुने मिति (COD) बाट एक वर्ष पुगेको महिनाको लगतै पछिको महिनादेखि लागु हुने गरि | सुख्खा याम (पौष देखि चैत्र सम्म) (रु. प्रति युनिट) | वर्षा याम (वैशाष देखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| पहिलो महिना देखि १२ औं महिनासम्म (चैत्र २०७४ देखि फागुन २०७५ सम्म) | ८.४० | ४.८० |
| १३ औं महिना देखि २४ औं महिनासम्म (चैत्र २०७५ देखि फागुन २०७६ सम्म) | ८.६५ | ४.९४ |
| २५ औं महिना देखि ३६ औं महिनासम्म (चैत्र २०७६ देखि फागुन २०७७ सम्म) | ८.९० | ५.०९ |
| ३७ औं महिना देखि ४८ औं महिनासम्म (चैत्र २०७७ देखि फागुन २०७८ सम्म) | ९.१६ | ५.२३ |
| ४९ औं महिना देखि ६० औं महिनासम्म (चैत्र २०७८ देखि फागुन २०७९ सम्म) | ९.४१ | ५.३८ |
| ६१ औं महिना देखि सम्झौताको अवधि सम्म (चैत्र २०७९ देखि आयोजनाको सम्झौता अवधि सम्म) | ९.६६ | ५.५२ |

| **आर्थिक वर्ष** | सुख्खा याम (पौषदेखि चैत्रसम्म) (रु. प्रति युनिट) | वर्षा याम ( बैशाखदेखि मार्गसम्म) (रु. प्रति युनिट) |
|---|---|---|
| व्यापारिक उत्पादन शुरु हुने मिति (COD) (२०६७ साल फागुन १ गते देखि २०६८ अषाढ मसान्त सम्म) | ७.00 | ४.00 |
| (COD) पछिको पहिलो वर्ष (२०६८ साल श्रावण देखि २०६९ अषाढ मसान्त सम्म ) | ७.२१ | ४.12 |

| | | |
|---|---|---|
| (COD) पछिको दोश्रो वर्ष (२०६९ साल श्रावण देखि २०७० अषाढ मसान्त सम्म ) | ७.४२ | ४.२४ |
| (COD) पछिको तेस्रो वर्ष (२०७० साल श्रावण देखि २०७१ अषाढ मसान्त सम्म ) | ७.६३ | ४.३६ |
| (COD) पछिको चौथो वर्ष (२०७१ साल श्रावण देखि २०७२ अषाढ मसान्त सम्म ) | ७.८४ | ४.४८ |
| (COD) पछिका पाँचौ वर्ष (२०७२ साल श्रावण देखि २०७३ अषाढ मसान्त सम्म ) | ८.०५ | ४.६० |
| (COD) पछिको छैठौं वर्ष (२०७३ साल श्रावण देखि २०७४ अषाढ मसान्त सम्म ) | ८.२६ | ४.७२ |
| (COD) पछिको सातौं वर्ष (२०७४ साल श्रावण देखि २०७५ अषाढ मसान्त सम्म ) | ८.४७ | ४.८४ |
| (COD) पछिको आठौं वर्ष (२०७५ साल श्रावण देखि २०७६ अषाढ मसान्त सम्म ) | ८.६८ | ४.९६ |
| (COD) पछिको नवौं वर्ष देखि सम्झौता अवधीसम्म (२०७६ साल श्रावण देखि सम्झौता अवधी सम्म ) | ८.८९ | ५.०८ |

**त) संगठित संस्थाको पछिल्लो बर्षको लेखापरीक्षण भएको वासलात र नाफा नोक्सान हिसाबको विवरण :**

यस कम्पनीको आ.व २०७८/७९ को वास्तविक वासलात, नाफा–नोक्सान हिसाब तथा नगद प्रवाहको विवरण देहाय अनुसार रहेको छ :

**वासलात**

| **विवरण** | **आ.ब.०७८/०७९** |
|---|---|
| **<u>सम्पत्ति</u>** | |
| **गैर चालु सम्पत्ति** | |
| *स्थिर सम्पत्ति* | १,७४४,८२२,५९२ |
| न्युनः संचित ह्रास | |
| कुल *स्थिर सम्पत्ति* | |
| लगानी | ३००,०००,००० |
| **जम्मा गैर चालु सम्पत्ति** | **२,०४४,८२२,५९२** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | ६९४,२६० |
| प्राप्त हुन बाँकी | १०,३५७,७९७ |
| पेश्की तथा धरौटी | २६५,५८६,६१७ |
| **जम्मा चालु सम्पत्ति** | **२७६,६३८,६७४** |
| **जम्मा सम्पत्ति** | **२,३२१,४६१,२६६** |
| **पूँजी तथा दायित्व** | |
| **<u>पूँजी</u>** | |
| शेयर पूँजी | १,६००,०००,००० |
| अन्य पूँजी | -५०३,३७६,७०० |
| **जम्मा पूँजी** | **१,०९६,६२३,३००** |
| **दिर्घकालिन ऋण** | |

| | |
|---|---|
| सुरक्षित आवधिक कर्जा | ८५०,२३३,८४८ |
| **जम्मा दिर्घकालिन कृण** | **८५०,२३३,८४८** |
| **चालुदायित्व तथा व्यवस्था** | |
| अल्पकालिन कर्जा | २०५,९३२,६२४ |
| अन्य दायित्व | १६८,६७१,४९४ |
| अग्रिम करकट्टि दायित्व | |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **३७४,६०४,११८** |
| **जम्मा पूँजी तथा दायित्व** | **२,३२१,४६१,२६६** |

**नाफा नोक्सान हिसाब**

| **विवरण** | |
|---|---|
| | **आ.ब.०७८/०७९** |
| बिद्युत बिक्री आम्दानी | १०१,४४५,७५७ |
| जोडः अन्य आम्दानी | ४२,९२३,४७० |
| **खुद नाफा** | **१४४,३६९,२२७** |
| **न्यूनः** | |
| न्यूनः परियोजना खर्च | ४८,९५३,७९० |
| न्यूनःरोयल्टी खर्च | २,९२९,२३२ |
| **सचांलन खर्चहरु** | |
| प्रशासनिक खर्च | १,२९९,००० |
| अपलेखन खर्च | |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | |
| **संचालन नाफा** | **९१,१८७,२०५** |
| **गैर सचांलन खर्चहरु** | |
| व्याज खर्च | ११२,३२२,१३० |
| ह्रास खर्च | ७१,९९९,०८९ |
| **कर अधिको नाफा/(नोक्सानी)** | **-९३,१३४,०१४** |
| प्रस्तावित बोनस | |
| चालु आयकर | |
| डेफर्ड आयकर | |
| **खुद नाफा/(नोक्सानी)** | **-९३,१३४,०१४** |

**नगद प्रवाह विवरण**

| **विवरण** | |
|---|---|
| | **आ.ब.०७८/०७९** |
| **कारोवार संचालनबाट नगद प्रवाह** | |
| यस बर्षको नाफा/(नोक्सान) | -९३,१३४,०१४ |
| जोडः आर्थिक खर्च | ११२,३२२,१३० |
| जोडः सम्पत्ति निर्सगबाट नोक्सान | |
| जोडः ह्रासकट्टी | ७१,९९९,०८९ |

| | |
|---|---|
| **चालु सम्पत्ति र दायित्व भन्दा अधिको नगद प्रवाह** | **९१,१८७,२०५** |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | -१,९०४,५५६ |
| चालु दायित्वमा वृद्धि/(कमी) | १७०,४४१,७१५ |
| धरौटी (वृद्धि)/कमी | २५९,७२४,३६४ |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | २५९,७२४,३६४ |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | |
| लगानीमा (वृद्धि)/कमी | |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | |
| न्यून: सम्पत्ति निर्सग | |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | |
| बैक कर्जामा बृद्धि/(कमी) | -१४७,३९१,९७३ |
| शेयर लगानीमा बृद्धि/(कमी) | |
| लाभांश | |
| वित्तिय लागत | -११२,३२२,१३० |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | **-२५९,७१४,१०३** |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | **१०,२६१** |
| जोड: नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ६८३,९९९ |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | **६९४,२६०** |

त(१). **आर्थिक वर्ष समाप्त भएपछि हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु पेश गरेमा, आर्थिक वर्ष समाप्त भएको मितिबाट पेश गरेको मिति सम्ममा वासलातको मिति पछिको घटनाको बारेमा छुट्टै जानकारी:**

**२०७९ चैत्र मसान्तको वासलात**

| **विवरण** | **रु.** |
|---|---|
| **<u>सम्पत्ति</u>** | |
| **गैर चालु सम्पत्ति** | |
| *स्थिर सम्पत्ति* | २,१५६,९९३,१९२ |
| न्युन: संचित ह्रास | (४६६,१६५,१७९) |
| कुल *स्थिर सम्पत्ति* | **१,६९०,८२८,०१३** |
| लगानी | ३००,०००,००० |
| **जम्मा गैर चालु सम्पत्ति** | **१,९९०,८२८,०१३** |
| **चालु सम्पत्ति** | |
| नगद तथा बैंक मौज्दात | १,२९९,२०६ |
| पेश्की, धरौटी तथा प्राप्त हुन बाँकी | १३,५१८,३९७ |
| अन्य वित्तिय सम्पत्ति | २५९,८४२,४०६ |
| अन्य चालु सम्पत्ति | ५६८,७३४ |
| **जम्मा चालु सम्पत्ति** | **२७५,२२८,७४३** |

| | |
|---|---|
| **जम्मा सम्पत्ति** | **२,२६६,०५६,७५६** |
| **पूँजी तथा दायित्व** | |
| **पूँजी** | |
| शेयर पूँजी | १,६००,०००,००० |
| अन्य पूँजी | (५९३,३१६,३५०) |
| **जम्मा पूँजी** | **१,००६,६८३,६५०** |
| **दिर्घकालिन ऋण** | |
| सुरक्षित आवधिक कर्जा | ९३१,८६०,१८६ |
| **जम्मा दिर्घकालिन कृण** | **९३१,८६०,१८६** |
| **चालुदायित्व तथा व्यवस्था** | |
| अल्पकालिन कर्जा | १५१,४५३,७९९ |
| अन्य दायित्व | ४,९२१,७०७ |
| अन्य वित्तिय दायित्व | १७१,१३७,४१४ |
| चालु कर दायित्व | - |
| **जम्मा चालु दायित्व तथा व्यवस्था** | **३२७,५१२,९२०** |
| **जम्मा दायित्व** | **१,२५९,३७३,१०६** |
| **जम्मा पूँजी तथा दायित्व** | **२,२६६,०५६,७५६** |

**नाफा-नोक्सान हिसाव (श्रावण १, २०७९ देखि ३०, चैत्र २०७९ सम्म)**

| विवरण | रु. |
|---|---|
| बिद्युत बिक्री आम्दानी | ८२,३६३,९८१ |
| न्यून:रोयल्टी खर्च | १,६४३,२९७ |
| न्यून: परियोजना खर्च | १२,८७४,६४० |
| **खुद नाफा** | **७१,१३२,६३७** |
| जोड: अन्य आम्दानी | - |
| **न्यून:** | |
| **सचांलन खर्चहरु** | |
| प्रशासनिक खर्च | ६३८,४०३ |
| अपलेखन खर्च | - |
| नेपाल बिद्युत प्राधिकरण शुल्क | - |
| **संचालन नाफा** | **७०,४९४,२३४** |
| **गैर सचांलन खर्चहरु** | |
| व्याज खर्च | (१०६,४३९,३०६) |
| ह्रास खर्च | (५३,९९४,५७८) |
| **कर अघिको नाफा/(नोक्सानी)** | **(८९,९३९,६५०)** |
| प्रस्तावित बोनस | - |
| चालु आयकर | - |
| स्थगन कर | - |
| **खुद नाफा/(नोक्सानी)** | **(८९,९३९,६५०)** |
| **नाफा/(नोक्सान) बाँडफाँड** | - |

| | |
|---|---|
| यस बर्षको नाफा / (नोक्सानी) | - |
| अघिल्लो बर्षसम्मको नाफा / (नोक्सानी) | - |
| न्यून: लाभांश भुक्तानी | - |
| न्यून: लाभांश करको लागि नगद | - |
| **वासलातमा सारिएको** | (८९,९३९,६५०) |

**नगद प्रवाहको विवरण (श्रावण १, २०७९ देखि ३०, चैत्र २०७९ सम्म)**

| विवरण | रु. |
|---|---|
| **कारोवार संचालनबाट नगद प्रवाह** | |
| यस बर्षको नाफा/(नोक्सान) | (८९,९३९,६५०) |
| जोडः व्याज खर्च | १०६,४३९,३०६ |
| जोडः सम्पत्ति निर्सगबाट नोक्सान | |
| जोडः ह्रासकट्टी | ५३,९९४,५७८ |
| **चालु सम्पत्ति र दायित्व भन्दा अघिको नगद प्रवाह** | ७०,४९४,२३५ |
| चालु सम्पत्तिमा (वृद्धि)/कमी | २,०१४,८७८ |
| चालु दायित्वमा वृद्धि/(कमी) | (४७,०९१,१९९) |
| **कारोवार संचालनबाट नगद प्रवाह (क)** | २५,४१७,९१४ |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह** | |
| पूजी कार्य सम्पादनमा वृद्धि/(कमी) | - |
| लगानीमा (वृद्धि)/कमी | - |
| स्थिर सम्पत्तिमा (वृद्धि)/कमी | - |
| न्यून: सम्पत्ति निर्सग | - |
| **लगानी कारोवार संचालनबाट नगद प्रवाह (ख)** | - |
| **वित्तिय कारोवारबाट नगद प्रवाह** | |
| शेयर लगानीमा बृद्धि/(कमी) | - |
| बैक कर्जामा बृद्धि/(कमी) | ८१,६२६,३३८ |
| लाभांश | - |
| वित्तिय लागत | (१०६,४३९,३०६) |
| **वित्तिय कारोवारबाट नगद प्रवाह (ग)** | (२४,८१२,९६८) |
| **यस वर्षको सम्पूर्ण गतिविधिबाट नगद प्रवाह (क+ख+ग)** | ६०४,९४६ |
| जोडः नगद तथा बैंकमा रहेको शुरु मौज्दात | ६९४,२६० |
| **नगद तथा बैंकमा रहेको अन्तिम मौज्दात** | १,२९९,२०६ |

**नोट :** चैत्र मसान्त २०७९ को व्यवस्थापन तथा लेखापरिक्षकबाट प्रमाणित अपरिष्कृत वित्तीय विवरण

त(२). **धितोपत्र निष्काशन खुला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो परिवर्तित विवरण समावेश गरी आवश्यक सुधार एवं संशोधन गर्नुपर्नेछ र त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्धी कार्य शुरु गर्नुपर्ने ।**

धतोपत्र निष्काशन खुल्ला हुनु पूर्व स्वीकृत भएको हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरुमा उल्लेखित विवरणमा सम्बन्धित नियमन निकायको नियमन व्यवस्था, निर्देशन वा अन्य कुनै कारणबाट व्यवसाय सञ्चालनको क्रममा हुने सामान्य परिवर्तन बाहेक लगानीकर्ताका निर्णयमा खास असर पर्ने गरी तात्विक परिवर्तन भएमा त्यस्तो संशोधित हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था र विवरणहरु बोर्डबाट स्वीकृत गराएर मात्र निष्काशन सम्बन्ध कार्य शुरु गरिनेछ ।

थ) **संगठित संस्थाले गर्ने भएको काममा निहित संभावित आर्थिक जोखिमहरु :**

(क) **वित्तीय साधनको अभावबाट हुने जोखिम :**

– संचालनमा रहेको जलविद्युत केन्द्र भएकोले वित्तिय जोखिम नरहेको ।

– नयाँ आयोजनाको अनुसन्धान तथा विकास संकुचन आउन सक्ने जोखिम नरहेको ।

(ख) **कच्चा पदार्थको अभावबाट हुने जोखिम :**

जलश्रोतको मुहानमा वातावरणको कारण अप्रत्याशित रुपमा परिवर्तन भई पानीको श्रोत घट्न गएमा उत्पादन क्षमता घट्न सक्ने जोखिम रहेको ।

(ग) **उत्पादन वा सेवाको बजारको स्थिति र यसमा आउने परिवर्तनबाट हुने जोखिम :** बजारको जोखिम नरहेको । (यस आयोजनाबाट उत्पादित विद्युत नेपाल विद्युत प्राधिकरणले खरिद गर्ने सम्झौता भै सकेको हुनाले यस्तो जोखिम नहुने । नेपाल विद्युत प्रधिकरण पुर्णतय नेपाल सरकारको स्वामित्व भएको संस्था भएको हुदा विद्युत विक्रीवाट प्राप्त हुने आयमा सुनिश्चितता रहेको छ ।

(घ) **आयोजना सम्पन्न हुन ढिलाई हुने सम्भावना र त्यसबाट हुने मूल्य अभिबृद्धि (cost overrun) को जोखिम :** सो नभएको।

(ङ) **विदेशी विनिमयको जोखिम :** विदेशी विनिमयको जोखिम नरहेको ।

(च) **कानूनी प्रक्रियाहरु तथा इजाजत प्राप्त गर्नुपर्ने भए सोबाट पर्न सक्ने अवरोधहरू :** हाल कम्पनीले पुरा गर्नुपर्ने सम्पूर्ण कानूनी प्रक्रियाहरु पूरा गरि सकेको र प्राप्त गर्नुपर्ने सम्पुर्ण इजाजतपत्रहरु प्राप्त गरि सकेकोले सो जोखिम नरहेको ।

(छ) **क्षेत्रीयकरण र विश्वव्यापीकरण (Globalization) का कारणबाट उत्पन्न हुन सक्ने जोखिम :** अन्तर्राष्ट्रिय बजारमा आर्थिक तथा अन्य कुनै पनि किसिमको मन्दी नभएकोले यस्तो जोखम नरहेको ।

(ज) **सरकारी नीति तथा नियमहरूमा हुने परिवर्तन तथा विश्वव्यापी रुपमा हुने नीतिगत परिवर्तनबाट उत्पन्न हुने जोखिम :** कर , भन्सार , विद्युतिय उपकरणहरु आयातमा कुनै पनि नितिगत परिबर्तन भएमा यस्ता जोखिम रहने तर हाल कम्पनीले सम्पुर्ण कर, भन्सार तथा विद्युतिय उपकरणहरु आयत गरिसकेको हुनाले यस्तो जोखिम नरहने ।

(झ) **सञ्चालन अनुभवको अभाव :।**

(ञ) **प्रविधीको परिवर्तनबाट हुने सक्ने जोखिम :** उर्जा बिभिन्न श्रोतबाट प्राप्त गर्न सकिन्छ । जस्तै : सौर्य शक्ति, डिजेल, कोइला, जलश्रोत इत्यादी । यस मध्ये पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा हो, जसले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरु जोखीम कम ब्यबसाय हो । तथापी भविष्यमा अन्य श्रोतबाट विद्युत उत्पादन भएमा भने कही हदसम्म यस ब्यबसायमा असर पार्ने जोखिम रहेको छ ।

(ट) **पुर्वाधार निर्माणमा हुने ढिलाईका कारण हुन सक्ने जोखिम :** परियोजनाको पुर्वाधार निर्माणको काम हाल शत प्रतिशत पुरा भैसकेको हुनाले यस्तो जोखिम नरहेको

(ठ) **अन्य :**

– दैबि प्रकोप तथा काबु बाहिरको परिस्थीति उत्पन्न भै आयोजनामा कुनै प्राकृतिक क्षति भएमा आयोजनाको लागत बढ्न सक्ने जोखिम रहेको ।

– देशको राजनैतिक अस्थिरताबाट आउन सक्ने जोखिमहरु ।

– पूंजी बजारको अवस्थामा आउने उतार चढावबाट पर्न सक्ने जोखिमहरु ।

**सम्भावित जोखिमहरुलाई न्यूनीकरण गर्न व्यवस्थापनको धारणा :**

नेपाल जलश्रोतको धनी देश भएकोले अन्य उर्जाको श्रोत भन्दा भरपर्दो श्रोत पानी हो । तसर्थ उर्जाका लागि जलविद्युतको आवश्यकता र महत्व कहिल्यै कम नहुने हुँदा जलविद्युतको लगानीमा न्यून जोखिम रहको ब्यबस्थापनको धारण रहेको छ । पानीबाट उत्पादन हुने जलबिद्युत नविकरणीय उर्जा भएकोले जलविद्युत आयोजनाहरुले वातावरणमा नकारात्मक प्रभाव पार्दैन । त्यसकारण उर्जाका अन्य श्रोतहरु भन्दा पानीबाट उत्पादन हुने जलविद्युतले वातावरणीय हानी कम गर्ने र यसको लागत अन्य उर्जा भन्दा तुलनात्मक रुपमा

कम रहने हुँदा अन्य श्रोतबाट उत्पादन हुने बिद्युत भन्दा पानीबाट उत्पादन हुने जलविद्युत आयोजनाहरुमा कम जोखीम रहेको धारण ब्यबस्थापनको रहेकोछ। जोखिम न्यूनिकरण गर्न विमा समेत गरिएको छ। विमाको विवरण निम्न बमोजिम रहेका छ :

| क्र.सं. | बीमा पोलिसीको नाम | बीमा गरिएको मिति | बीमा कायम रहने अबधि | बीमा गरिएको कम्पनी | बीमाङ्क रकम | बीमा प्रिमियम रकम |
|---|---|---|---|---|---|---|
| १। | सामान्य सम्पत्ति बिमालेख | १६/०५/२०२२ | १५/०५/२०२३ | एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. (हाल हिमालयन एभरेष्ट इन्स्योरेन्स लि.) | १,८१,६७,३२,१०९।९६ | ५६,४५,५१७।६३ |
| २) | लस अफ प्रोफिट ( प्रोपर्टि) | १६/०५/२०२२ | १५/०५/२०२३ | एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. (हाल हिमालयन एभरेष्ट इन्स्योरेन्स लि.) | १३,९८,२४,५१०।७२ | १२,३२,४३५।८२ |
| ३) | सामान्य सम्पत्ति बिमालेख (Public Liability) | १६/०५/२०२२ | १५/०५/२०२३ | एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. (हाल हिमालयन एभरेष्ट इन्स्योरेन्स लि.) | २०,००,००० | १३,५८२।६० |
| ४) | सामुहिक दुर्घटना बिमालेख | १६/०५/२०२२ | १५/०५/२०२३ | एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. (हाल हिमालयन एभरेष्ट इन्स्योरेन्स लि.) | १,४७,००,००० | २८,०६०।२५ |

**नोट**: यस हिमाल दोलखा हाइड्रोपावर कम्पनी लि. ले संचालन गरि रहेको माई खोला जलविधुत आयोजना ४.५ मे.वा तथा माई साना क्यासकेड जलविधुत आयोजना ८ मे.वा को बिमा एभरेष्ट इन्स्योरेन्स कम्पनी लि. (हाल हिमालयन एभरेष्ट इन्स्योरेन्स लि.) बाट गरिएको तथा उक्त बिमा कम्पनीको नाममा रहेतापनि दुवै आयोजनालाई लागु हुने गरि गरिएको छ।

**धितोपत्र मुल्य परिवर्तन सम्बन्धी जोखिम**

रु. १००/- (प्रति शेयरका दरले निष्काशन गरिएको शेयर मूल्यले सूचीकरण पश्चात् नेपाल स्टक एक्सचेन्ज लिमिटेडमा हुने कारोवार मूल्य नजनाउने भएकोले शेयर मूल्यमा हुनसक्ने परिवर्तनको जोखिम रहेको छ।

**द) शेयर बाँडफाँट सम्बन्धी व्यवस्था :**

कम्पनीले सार्वजनिक रुपमा आफ्नो शेयरधनीहरुमा हकप्रद आधारमा खरिद आव्हान गरेको शेयर बिक्री बन्द भए पश्चात "धितोपत्र निष्काशन तथा बाँडफाँड निर्देशिका २०७४" ले निर्धारित गरेको समय भित्र शेयरहरुको बाँडफाँड गरी सोको सूचना राष्ट्रिय दैनिक पत्रिकामा प्रकाशित गरिनेछ।

**ध) संगठित संस्थाको प्रबन्धपत्र नियमावली, पछिल्लो वर्षको लेखा परीक्षण भएको वासलात, नाफा नोक्सान हिसाब, लेखा परीक्षण प्रतिवेदन निरीक्षण गर्न पाइने समय र स्थान :**

कार्यालय समय भित्र निम्न लिखित स्थानहरुमा सम्पर्क राखी कम्पनीको प्रबन्धपत्र, नियमावली, वासलात, नाफा–नोक्सानको विवरण निरीक्षण गर्न सकिनेछ :

क) कम्पनीको कार्यालय, कालोपुल, काठमाण्डौं।

ख) धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धक : लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँ बानेश्वर, काठमाण्डौं।

**न) निष्काशन हुने धितोपत्र प्रत्याभूति गरेको भए सो को विवरण**

निष्काशन गरिने हकप्रद शेयरको लागि मिति २०७९।०६।११ मा नागरिक लगानी कोषले १,२०,००,००० कित्ता हकप्रद शेयर रु. १००/–अंकित दरले शेयरको मूल्य रु.१,२०,००,००,०००/–को प्रत्याभूति गरेको छ। प्रत्याभूति सम्झौताका मुख्य बुँदाहरु निम्न अनुसारका छन्।

- कम्पनीको हाल कायम चुक्ता पूँजी रु १,६०,००,००,००० /- को ७५ % अर्थात (१:०.७५ को अनुपात ) ले हुन रू १,२०,००,००,००० /- (अक्षरेपी एक अर्व विस करोड) रकम वरावरको १,२०,००,००० कित्ता हकप्रद शेयर रू१००/- अंकित दरले शेयरको मूल्य रू १२०,००,००,०००/- (अक्षरुपी एक अर्व बिस करोड) को शेयर प्रत्याभुति कार्य गर्न लगानी कोषलाई प्रत्याभूतिकर्ताको रूपमा नियुक्त गरेको छ।
- निश्कासन हुने शेयर मुल्य रू १,२०,००,००,०००/- (अक्षरेपी एक अर्व बिस करोड ) को प्रत्याभुति गर्ने सम्बन्धमा कोषमा प्रस्ताव प्राप्त भएकोले प्रत्याभुतकर्ताले प्रत्याभुति शुल्क वापत सार्वजनिक गरिने शेयर

पूँजीको ०.५ % हुने जम्मा रकम रू ६०,००,०००/- (अक्षरेपी साठी लाख मात्र) सेवा शुल्क प्रदान गर्न कम्पनी मन्जुर गर्दछ ।

- तोकिएको शेयर प्रत्याभुति गरे वापतको वापत्को सेवा शुल्कको रकम प्रचलित कानून बमोजिम कर कट्टी गरी प्रत्याभूतिकर्ता लाई संझौता भएको सात दिनभित्र ५० प्रतिशत रकम भुक्तानी गर्न कम्पनी मन्जुर गर्दछ । बाँकी ५० प्रतिशतले हुन आउने रकम नेपाल धितोपत्र बोर्डबाट निश्कासन अनुमति प्राप्त गरेको ७ दिन भित्र प्रत्याभुतिकर्तालाई बुझाउन मन्जुर गर्दछ । सो रकम फिर्ता नहुने प्रकारको (Non Refundable) हुनुको साथै सो रकममा प्रत्याभुतिकर्ताले नेपाल धितोपत्र बोर्डलाई बुझाउनुपर्ने सम्पूर्ण रकम समेत समावेश हुनेछ ।
- प्रत्याभुति गरेको शेयर ग्रहन गर्नु परेमा कम्पनीले प्रत्याभुतिकर्ताबाट शेयर वापतको रकम प्राप्त गरे पश्चात उक्त शेयर सर्वसाधरण शेयरधनी सरह प्रत्याभुतिकर्तालाई शेयर प्रतिको हक अधिकार प्राप्त हुनेछ र शेयरको स्वामित्व यथासिघ्र प्रत्याभुतिकर्तालाई हस्तान्तरण गनुपर्नेछ ।
- सम्झौता हस्ताक्षर भएको मिति देखि लागू भई छ महिनासम्म वा यस सम्झौता बमोजिमको कार्य सम्पन्न भए पश्चात स्वतः समाप्त हुनेछ । उक्त समयावधि भित्र शेयर निष्काशन हुन नसकेमा यस सम्झौताको अवधि अर्को छ महिनाका लागि स्वतः थपिएको मानिनेछ । कथंकदाचित उक्त अवधिभित्र पनि शेयर निष्काशनको कार्य गर्न नसकिएमा सम्वन्धित पक्षहरुको सहमतिमा पुनः नयाँ सम्झौता गर्न सकिनेछ ।
- शेयर प्रत्याभुति गराउने प्रयोजनको निम्ति कम्पनीले जानीजानी झुठा विवरण दिएको कारणबाट सर्वसाधारणमा शेयर बिक्रि हुन नसकी असामान्य परिस्थिति सृजना भएमा त्यसको जवाफदेही स्वयम् कम्पनी हुनेछ र माथि दफा ४ मा उल्लेखित शर्तहरु लागू हुने छैनन् ।
- सम्झौताको कार्यन्वयन र व्याख्यामा मत भिन्नता भएमा वा विवाद उत्पन्न भएमा दुवै पक्षको आपसी सहमतिमा विवादको समाधन गरिनेछ । आपसी सहमतिबाट विवादको समाधन गरिनेछ । आपसी सहमतिबाट विवाद समाधन हुन नसकेमा दुवै पक्षले एक एक जना मध्यस्थकर्ता नियुक्त गर्नेछन् । यसरी नियुक्त मध्यस्थकर्ताको आपसी सहमतिमा मुख्य मध्यस्थकर्ता नियुक्त गरिनेछ र मध्यस्थकर्ताद्धारा गरिएको निर्णय दुवै पक्षलाई मान्य हुनेछ । मध्यस्थता सम्बन्धी लाग्ने खर्थ दुवै पक्षले समान रूपमा व्यहोर्नेछन् । मध्यस्थकर्ताको कार्यलय काठमाण्डौमा रहनेछ । मध्यस्थकर्ताले अपनाउनु पर्ने कार्यविधि तथा विवाद समाधनका अन्य प्रक्रिया मध्यस्थता ऐन, २०५५ बमोजिम हुनेछ ।

**प) शेयर सूचीकरण गराउने सम्बन्धी व्यवस्था :**

यस विवरण मार्फत निष्कासन गरिने हकप्रद शेयर "धितोपत्र निष्कासन तथा बाँडफाँट निर्देशिका, २०७४" को दफा ६ मा उल्लेख भए अनुसार नेपाल धितोपत्र बोर्डबाट धितोपत्र निष्कासनको लागि स्वीकृत भएको ७ (सात) कार्य दिनभित्र धितोपत्र सूचिकरण तथा अभौतिकीकरणका लागि नेपाल स्टक एक्सचेन्ज लि. तथा सिडिएस एण्ड क्लियरिङ्ग लि. मा निवेदन दिइनेछ ।

**फ) संगठित संस्थाको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला भए सो को विवरण :**

कम्पनीको कारोवारमा असर पर्ने कुनै विवाद/मुद्दा मामिला नभएको ।

**ब) हकप्रद शेयर खरिद गर्न चाहने शेयरधनीहरुले पालना गर्नुपर्ने मुख्य कुराहरु :**

क) जारी गरिने हकप्रद शेयर खरिदका लागि यस निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले आफ्नो नाममा कायम शेयरको १:०.७५ को अनुपातमा (विद्यमान १ कित्ता शेयर बराबर नयाँ ०.७५ कित्ता शेयरको दरले) शेयर खरिदका लागि दरखास्त दिन सक्नेछन् ।

ख) प्रत्येक शेयरधनीले शेयरको हकप्रद निष्काशनका लागि दरखास्त दिंदा कम्पनीद्वारा तोकिएको निर्दिष्ट ढाँचामा आफ्नो शेयरधनी नम्बर, हाल कायम रहेको शेयर संख्या, शेयर प्रमाणपत्र नम्बर (हरु)/हितग्राही खाता नम्बर, आफूले खरिद गर्न पाउने अथवा मागेको हकप्रद शेयर संख्या र सो बराबरको रकम समेत खुलाई रितपूर्वक तोकिए बमोजिमको ढाँचामा आवेदन दिनुपर्नेछ ।

ग) दरखास्त फाराममा अंग्रेजी तथा नेपाली दुबै भाषामा पूर्ण रुपले भर्नु पर्नेछ ।

घ) दरखास्तसाथ प्रति शेयर रु. १००/- को दरले आफूले हकप्रद आधारमा खरिद गर्न पाउने शेयर संख्यालाई गुणन गर्दा हुन आउने बराबरको एकमुष्ठ नगद रकम वा सो बराबरको रकम बैंकमा जम्मा गरेको भौचर वा ड्राफ्ट संलग्न भएको हुनुपर्नेछ । भौचर वा बैंक ड्राफ्ट मार्फत् रकम जम्मा गर्दा भौचर वा ड्राफ्ट नम्बर शेयर आवेदन फारममा अनिवार्य रुपमा खुलाउनुपर्नेछ ।

ङ) यस हकप्रद शेयर निष्काशन प्रयोजनका लागि शेयरधनी दर्ता पुस्तिका बन्द गर्ने मिति भन्दा अघिल्लो दिन सम्म कायम शेयरधनीहरुले मात्र यस हकप्रद निष्काशनमा दरखास्त दिन सक्नेछन् । शेयरधनी दर्ता पुस्तिका बन्द भए पश्चात् शेयर खरिद गर्ने शेयरधनीहरु यस हकप्रद निष्काशनका लागि आवेदन दिन योग्य हुने छैनन् ।

च) शेयरधनीहरुले तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त दिनुपर्नेछ । यदि कुनै शेयरधनीबाट तोकिएको समय/अवधि भित्र शेयरका लागि दरखास्त प्राप्त हुन नआएमा त्यस्तो दरखास्तलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

छ) "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा उल्लेख गरिए बमोजिम तोकिएको म्यादभित्र दरखास्त नदिने तथा दरखास्त दिए पनि माग गरिए बमोजिम तोकिएको रकम नबुझाउने शेयरधनीहरुलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन र सोमा कसैको कुनै पनि प्रकारको दाबी विरोध लाग्नेछैन ।

ज) यस हकप्रद शेयर निष्काशनको समयमा कुनै विवाद भएमा वा ऊजुरी परेमा सो को निवारणका लागि कम्पनीको सञ्चालक समितिको निर्णय नै अन्तिम हुनेछ ।

झ) हितग्राही खाता नभएको अवस्थामा हितग्राही खाता नं. माग गरि तथा हितग्राही खाता नम्बर उल्लेख गरेका शेयरधनीहरुको खातामा हकप्रद शेयर बाँडफाँड भई कायम बाँडफाँडमा परेको शेयर कित्ता जम्मा गरिनेछ ।

ञ) आवेदन दिंदा एकै शेयरधनीको भौतिक तथा अभौतिक (डिम्याट) रुपमा रहेको शेयर अनुसार हकप्रद शेयर भर्दा शेयर भौतिक तथा अभौतिक (डिम्याट) जुन रुपमा कायम रहेको भएतापनि एउटै मात्र आवेदन मार्फत दरखास्त दिने व्यवस्था रहेकोले सोही अनुसार आवेदन फारम भर्नुपर्ने ।

ट) रु.५ लाख सम्म रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले स्वेच्छिक रुपमा र रु. ५ लाख भन्दा बढी रकम बराबरको आवेदन गर्ने दरखास्तवालाले अनिवार्य रुपमा प्यान (PAN No.) नम्बर दरखास्त फारममा खुलाउनु पर्नेछ ।

**भ) आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्ने गरी मनोनयन गरेको अवस्थामा पालाना गर्नुपर्ने कुराहरु :**

साविकका शेयरधनीले देहायको अवस्थामा अन्य कुनै ब्यक्तिले खरिद गर्न पाउने गरी हकप्रद शेयर बिक्री खुल्ला भएको अवधि भित्र "धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २० को अनुसूची–११ को ढाँचामा निवेदन दिई आफ्नो हक अन्य व्यक्तिलाई हस्तान्तरण गर्न सकिनेछ ।

(क)आफ्नो सम्पूर्ण/आंशिक हक कुनै एक व्यक्ति वा संस्थालाई मात्र प्रयोग गर्न सक्ने,

(ख)मनोनयन भै शेयरको लागि आवेदन गर्दा धितोपत्र बजारको कारोबार इकाई अनुसार हुने,

(ग) हकप्रद शेयर खरिद गर्ने हक अरुलाई मनोनित गर्ने शेयरवालाले अरु शेयरवालाको हक लिई मनोनित हुन नपाइने, तर आफ्नो पुरै हक उपभोग गर्नेले भने अरुको हक समेत मनोनितको रुपमा लिन सकिने,

(घ)कम्पनीको प्रबन्धपत्र, नियमावलीमा भएको व्यवस्था तथा सम्बन्धित नियमनकर्ताले स्वामित्व सिमा तोकेको अवस्थामा पहिले लिएको वा पछि ग्रहण गरिने शेयर समेत कुल शेयर संख्या सो सिमा ननाघ्ने गरी मात्र मनोनित हुनेले शेयरका लागि आवेदन गर्न सकिने,

(ङ) संगठित संस्थाको प्रबन्धपत्र र नियमावलीको व्यवस्था अनुसार स्वामित्व तथा सञ्चालक समिति समूहकृत गरिएको भएमा सोही समूहभित्र रहने गरी मात्र मनोनयन गर्न सकिने र मनोनयन गरेपछि कम्पनीको शेयर स्वामित्वको संरचना र सञ्चालक समितिको बनौटमा परिवर्तन हुने भएमा सम्बन्धित ऐन, नियमले तोकेको स्वामित्व सिमाभित्र रहने गरी परिवर्तन हुने व्यवस्था तथा मताधिकार सम्बन्धी स्पष्ट व्यवस्था भएको,

(च)प्रचलित कानून अनुरुप मनोनित हुने व्यक्ति वा संस्था कालोसूचीमा नरहेको तथा अयोग्य समेत नभएको,

(छ)हकप्रद शेयर विक्री खुल्ला भएको अवधिभित्र आफ्नो हक अरुलाई प्रयोग गर्न दिन व्यवस्था गरिएको,

(ज)धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ को अनुसूची–१ बमोजिमको ढाँचामा दरखास्त दिई आफ्नो हक अन्य ब्यक्तिलाई हस्तान्तरण गरी लिईने धितोपत्रको चुक्ता रकमको एक प्रतिशत रकमले हुन आउने रकम मनोनयन गरिदिने शेयरधनीले बुझाएको शुल्क समेत समावेश गर्नुपर्ने ।

**म) संगठित संस्थाको लेखापरिक्षक, कम्पनी सचिव, वित्तिय विवरण प्रक्षेपण गर्ने विशेषज्ञ, प्रक्षेपित विवरणको प्रक्षेपण/अनुमानको आधार तथा तरिका बारे पुनरावलोकन गरी सन्तुष्ट भएको राय व्यक्त गर्ने विशेषज्ञ, "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" तयार गर्ने विशेषज्ञ तथा निष्काशन तथा बिक्री प्रबन्धकको नाम ठेगाना उल्लेख गर्नुपर्ने :**

क) कम्पनीको लेखापरीक्षकमा चार्टड एकाउण्टेण्टस् संस्था श्री आई पी मैनाली एण्ड एसोसियट्स रहेका छन ।

ख कम्पनीको कम्पनी सचिवमा श्री किशोर कार्की रहनुभएको छ ।

ग) कम्पनीको वित्तीय विवरण प्रक्षेपण विगत बर्षको कारोवारको आधारमा कम्पनी आफैले तयार गरेको हो । उक्त प्रक्षेपित वित्तीय विवरणहरु यथार्थ परक भएको व्यहोरा ब्यबसायिक संस्था श्री आई पी मैनाली एण्ड एसोसियट्सले प्रमाणित गर्नुभएको हो ।

घ) यो "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" ब्यबसायिक संस्था लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर , काठमाण्डौंले तयार गरेको हो ।

ङ) यस हकप्रद शेयर निष्काशनका लागि धितोपत्र निष्काशन तथा बिक्री प्रबन्धकमा श्री नेपाल धितोपत्र बोर्डबाट निष्काशन तथा बिक्री प्रबन्धकको प्रमाणपत्र प्राप्त धितोपत्र व्यवसायी लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाण्डौं रहेको छ ।

## य) हकप्रद शेयर जारी गर्नुको उद्देश्य :

### १. हकप्रद शेयर जारी गर्नुको उद्देश्य तथा योजना :

क) यस कम्पनीले आफ्नो जारी पूंजी रु. २,८०,००,००,००० हुने गरी आफ्नो प्रबन्धपत्र तथा नियमावलीमा व्यवस्था गरिएको र सोही अनुसार पूंजी बृद्धि गर्न शेयरधनीहरुलाई हकप्रद शेयर जारी गरीएको ।

ख) कम्पनीको साधारण सभाबाट पारित भए बमोजिम चुक्ता पुँजीमा १ शेयर वरावर ०.७५ शेयर (१ :०.७५) को अनुपातमा हकप्रद शेयर निष्काशन गरी कम्पनीलाई आवश्यक पर्ने पुँजी संकलन गर्ने ।

ग) कम्पनीले संचालन गरि रहेको माई खोला साना जलविधुत आयोजना ४.५ मे.वा तथा माई साना क्यासकेड जलविधुत आयोजना ८ मे.वा को निर्माणको कममा लिएको कर्जा रकम भुक्तान गर्ने उदेश्यका लागि कम्पनीले हकप्रद शेयर निष्काशन गर्ने ।

घ) कम्पनीले लिएको सम्पुर्ण कर्जा तथा कम्पनीले तिर्नु पर्ने सम्पूर्ण दायित्व तिर्नका लागि हकप्रद शेयर निष्काशन गर्ने ।

हकप्रद शेयर जारी गर्ने सम्बन्धमा कम्पनीको १३ औं र १४ औं वार्षिक साधारणसभाले अनुमोदन गरेको निर्णय(अनुसूची १) बमोजिम कमपनीमा जडित मेसिनहरुबाट प्रक्षेपण गरे अनुरुप वित्तिय संकलन नभएकोले परियोजनाहरु निमार्ण गर्न वित्तिय कम्पनी, व्यक्तिहरु त्था बैंकका कर्जाहरुको साँवा तथा ब्याज बुझाउन कठिन परिस्थीति सृजना भएकाले बैंकको कर्जा तथा कर्जाको ब्याज र परियोजना संचालन गर्न सृजना भएका दायित्वहरु भुत्तान गरी कम्पनीलाई सरल तथा सहज तवरमा संचालन गर्न हकप्रद शेयर जारी गर्नुपर्ने स्थिती आएको जानकारी गराइएको छ ।

कम्पनीले हाललाइ बैंक तथा वित्तिय संस्थाका साँवा तथा ब्याज र अन्य दायित्वहरु तिर्नलाई कायम भएको चुक्ता पुंजी रू.१,६००,०००,०००/-(एक अर्ब साठी करोड मात्र)को ७५ प्रतिशत अथात(१:०.७५ को अनुपात) हकप्रद शेयर जारी गरी विभिन्न बैंक तथा वित्तिय संस्थाको तपसिल बमोजिमको ऋण चुक्ता गरिने छ ।

तपसिल :

| आ.व. | परियोजन | कर्जा रकम |
|---|---|---|
| ०७७।०७८ | माइखोला(४.५) मे.वा. | रु.२९,७६,९०,३८१।४७ |
| | क्यासकेड परियोजना (८) मे.वा. | रु.७६,३४,९७,२१८।७ |
| | दायित्व | रु.९,१५,०१,६३२।१४ |
| ०७८।७९ | माइखोला(४.५) मे.वा. | रु.२७,२३,३९,५८४।६५ |
| | क्यासकेड परियोजना (८) मे.वा. | रु.७६,०४,६९,०२९।६१ |
| | दायित्व | रु.१६,८०,९०,५८०।१३ |
| मर्मत सम्भार तर्फ खर्च :रु.६,८०,९५,३१३/- | | |

कम्पनीले हकप्रद शेयर निष्काशन पश्चात बैंक संग लिएको ऋण रकम तिर्ने छ तथा बाँकी रहेको रकम कम्पनीले तिर्नु पर्ने दायित्व तिर्नेछ ।

बैंक तथा वित्तिय संस्था संग लिएको ऋणको विवरण :

| **क.सं** | **बैंकको नाम** | **ऋण रकम** |
|---|---|---|
| १. | एभरेष्ट बैंक लि. | ६०,१५,२२,९००.४४ |
| २. | नेपाल इन्भेष्टमेन्ट मेगा बैंक लि. | २४,९९,७८,४१०.८० |
| ३ | नेपाल एसबिआई बैंक लि. | २१,५१,६५,६६३.३५ |
| **जम्मा कुल ऋण** | | **१,०६,६६,६६,९७४.५९** |

कुल ऋण भुक्तान पश्चात निम्न बमोजिमको दायित्व तिरिनेछ ।

| **क.सं** | **विवरण** | **भुक्तान गर्नु पर्ने दायीत्व** |
|---|---|---|
| | बिरेन्द्र बहादुर न्यौपाने | रु.१३,६३,९५,७४३.६५/- |

| | | |
|---|---|---|
| | मर्मत तथा सम्भार खर्च वापत भुक्तानी बाँकी | रु.३,१६,९४,८३६.४८/- |
| **जम्मा भुक्तान गर्नुपर्ने दायित्व** | | **रु.१६,८०,९०,५८०.१३** /- |

मर्मत तथा सम्भार खर्च वापत भुक्तानी बाँकी को विवरण

| **क.सं** | **विवरण** | **भुक्तान गर्ने रकम** |
|---|---|---|
| १. | NEES Engineering | १,६२,२१,७७०.४० |
| २. | खडग नारायण सिंह | १७५,००० |
| ३ | जाकिर हुसैन | २५०,००० |
| ४ | पुष्कर ब्रदर | ३२५,००० |
| ५ | पौडयाल स्टोर | ४०७,००० |
| ६ | मनकामना निर्माण सेवा | १,३१,५९,०६६.०८ |
| **जम्मा भुक्तान गर्नुपर्ने मर्मत तथा सम्भार खर्च वापत भुक्तानी दायीत्व** | | **३,१६,९४,८३६.४८** |

**२. हकप्रद शेयरको अनुपातलाई उचित मान्न सकिने आधारहरु :**

यस "हकप्रद शेयर निष्काशन सम्वन्धी व्यवस्था तथा विवरण" वमोजिम जारी हुने हकप्रद शेयरको अनुपातलाई उचित मान्ने निम्नानुसार आधारहरु रहेका छन :

क) विगतमा यस कम्पनीले हासिल गरेको आर्थिक वृद्धिदरलाई कायम राख्न, संस्थालाई वित्तीय हिसावले मजवुत राखि राख्न र देशको आर्थिक विकासमा महत्वपूर्ण प्रभाव पार्ने हाइड्रोपावर परियोजनाहरुमा लगानी गर्न सक्ने गरी पूँजी वृद्धि गर्नुपर्ने अवस्था रहेको ।

ख) कम्पनीले आफ्नो पूँजी वृद्धि गरी बढ्दै गइरहेको प्रतिस्पर्धामा समेतलाई ध्यानमा राखि कम्पनीको स्थितिलाई अझ मजबुद बनाउन ।

ग) सो अनुसार कम्पनीको चुक्ता पुंजी हाललाई रु. २,८०,००,००,०००/- पुऱ्याउनको लागि हाल कायम चुक्ता पुंजीको १ : ०.७५ अनुपातमा हकप्रद शेयर जारी गर्नु पर्ने अवस्था रहेको ।

घ) कम्पनीले शेयरधनीहरुलाई लगानीमा समय सापेक्ष रुपमा उचित प्रतिफल प्रदान गर्दै आएको, उक्त प्रतिफल पुंजीको उपयोगको हिसावले औचित्यपूर्ण रहेकोले १ :०.७५ को अनुपातलाई उचित मान्न सकिने अवस्था रहेको

**र) हकप्रद शेयर बिक्री खुल्ला अवधि :**

हकप्रद शेयरको लागि दरखास्त लिने कार्य कम्तिमा २१ (एक्काईस) दिनका लागि खुल्ला राखिनेछ । सो समयावधि भित्र सम्पूर्ण हकप्रद शेयरको लागि आवेदन नपरेमा "धितोपत्र दर्ता तथा निष्कासन नियमावली,२०७३" को नियम १८ बमोजिम नेपाल धितोपत्र बोर्डलाई अग्रिम जानकारी दिई संगठित संस्थाले सूचना प्रकाशन गरी आवेदन खुल्ला भएको मितिले बढीमा थप १५ (पन्ध्र) दिनसम्मका लागि धितोपत्रको दरखास्त खुल्ला राख्न सकिनेछ ।

**ल) हकप्रद शेयर खरीदका लागि दरखास्त पाइने, रकम जम्मा गर्ने र आवेदन बुझाउने स्थानहरुका साथै हकप्रद शेयर खरीदको लागि तयार गरिएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" प्राप्त गर्न वा हेर्न सक्ने स्थानहरु :**

| | |
|---|---|
| १. | श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौं |
| २. | श्री हिमाल दोलखा हाइड्रोपावर लिमिटेड,कालोपुल |
| ३. | श्री लक्ष्मी बैंक लिमिटेड, इलाम शाखा |
| ४. | श्री नेपाल धितोपत्र बोर्डबाट अनुमति लिई आस्वा (ASBA) सेवामा सहभागी बैक तथा वित्तीय संस्थाहरुबाट सि आस्वा (CASBA) प्रणाली मार्फत समेत आवेदन दिन सकिनेछ तथा सिडिएस एण्ड क्लियरिङ्ग लिमिटेडबाट निर्माण गरिएको सफ्टवेयर "मेरो शेयर" अनलाइन प्रयोग गरी सिआस्वा (CASBA) प्रणाली मार्फत आवेदन दिन सकिनेछ । |

उपरोक्त स्थानहरुको अलावा अन्य माध्यम मार्फत दरखास्त दिन चाहने साविक शेयरधनीहरुले हकप्रद शेयरको बिक्री बन्द हुनु भन्दा अघिको मितिमा लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको नाममा खिचिएको एकाउण्टपेयी ड्राफ्ट साथ हकप्रद शेयर खरिदका लागि दरखास्त फारम सिधै हुलाक वा कुरियरद्वारा लक्ष्मी क्यापिटल मार्केट लिमिटेड, नयाँबानेश्वर, काठमाडौंमा पठाउन सकिनेछ । हकप्रद शेयरको बिक्री बन्द भएको ७ (सात) दिन पछि प्राप्त ड्राफ्ट र दरखास्त फारमलाई शेयर बाँडफाँडमा समावेश गरिने छैन ।

दरखास्त फारमको हकमा निष्काशनकर्ता कम्पनी तथा निष्काशन तथा विक्री प्रबन्धकको वेभसाइटबाट समेत डाउनलोड गरी भरेर बुझाउन सकिनेछ । शेयरधनीहरुले आफ्नो हक सम्वन्धि विवरण निष्काशनकर्ता कम्पनी श्री हिमाल दोलखा हाइड्रोपावर लिमिटेडको वेभसाइट www.himaldolkhahydro.com वा धितोपत्र निष्काशन तथा विक्री प्रबन्धक श्री लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको वेभसाइट www.laxmicapital.com.np वा नेपाल धितोपत्र बोर्डको वेबसाइट www.sebon.gov.np मार्फत हेर्न सक्नेछन् ।

साथै "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" लगानीकर्ताले सहज रुपमा हेर्न सक्ने र उनीहरुलाई सूचित निर्णय मा पुग्न सहज गर्ने उद्देश्यले त्यस्ता विवरणहरु लक्ष्मी क्यापिटल मार्केट लिमिटेड तथा हिमाल दोलखा हाइड्रोपावर लिमिटेडको वेवसाइटमा बिक्री बन्द नभएसम्म राखिनेछ । बोर्डबाट स्वीकृत भएको "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" सार्वजनिक निष्काशनको लागि प्रकाशन गर्नु २ दिन अगाडि सो को एक प्रति (Soft Copy) बोर्डको वेभसाइटमा राख्ने प्रयोजनको लागि उपलब्ध गराइनेछ ।

**निष्काशन बैंक (Banker to the Issue) को नाम तथा ठेगाना**

यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मार्फत निष्काशित हकप्रद शेयरहरुको लागि निष्काशन बैंक (Bankers to the Issue) को रुपमा लक्ष्मी बैंक लिमिटेड, हात्तिसार, काठमाण्डौ (खाता नम्बर ००५३४०१२१०२) लाई तोकिएको छ । यस कम्पनीको सर्वसाधारण शेयरधनीहरुका लागि हकप्रद शेयर निष्काशन तथा बिक्री खुल्लाको सूचना प्रकाशन गरिने मिति भन्दा तीन दिन अगाडी नेपाल धितोपत्र बोर्डलाई जानकारी गराई अन्य वाणिज्य बैंकहरु तथा राष्ट्रिय स्तरको विकास बैंकहरुलाई समेत आवश्यकता अनुसार निष्काशन बैंक तोक्न सकिनेछ ।

**व) आफ्नो व्यवसायसँग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन तथा अन्य नियमन निकायले दिएको निर्देशनहरुको पूर्ण पालना गरेको सम्बन्धमा उदघोषण :**

यस कम्पनीले आफूले गर्ने व्यवसायसंग सम्वन्धित ऐन, नियम, कम्पनी ऐन, २०६३ तथा अन्य नियमन निकाय र विद्युत नियमन आयोगले दिएको निर्देशनहरुको पूर्ण रुपमा पालना गरिएको छ र सोही दायरा भित्र रही आफ्नो कारोवार गर्दै आइरहेको उदघोषण कम्पनी रहेको छ । साथै कम्पनीले कम्पनी ऐन बमोजिम कम्पनी रजिष्ट्रार कार्यालयमा आ.ब.०७७/७८ सम्मको बुझाउनु पर्ने सम्पूर्ण विवरण बुझाई कम्पनी रजिष्ट्रार कार्यालयको मिति २०७८/०७/०१ को प्राप्त पत्रानुसार कम्पनीको आ.ब.०७७/७८ सम्मको विवरणहरु अद्यावधिक रहेको छ । आ.व २०७८।७९ को लेखापरिक्षण भैसकेको र १५ औं वार्षिक साधारण सभा सम्पन्न नभएको व्यहोरा जानकारी गराउदछौ ।

**<u>क्रेडिट रेटिङ्ग सम्बन्धी विवरण :</u>**

यस लिमिटेडलाई कियर रेटिङ्गस नेपाल लिमिटेडले "CARE-NP B+(Is) [Single B Plus Issuer Rating] " रेटिङ्ग प्रदान गरेको छ। CARE-NP B+(Is) [Single B Plus Issuer Rating] ले समयमा वित्तीय दायित्व पुरा गर्ने सम्बन्धमा उच्च जोखिम रहने जनाउँदछ । (Issuers with this rating are considered to offer high risk of default regarding timely servicing of financial obligations, in Nepal). केयर रेटिङ्गस नेपाल लिमिटेडले AAA देखि D प्वाइन्ट रेटिङ्ग प्रदान गर्दछ । जसमा AAA रेटिङ्ग ले बलिया आधार जनाउँछ भने D रेटिङ्ग ले कमजोर आधारहरु जनाउँछ। रेटिङ्ग AA, A, BBB, BB, B र C मा प्रयोग गरिने + (Plus)/ - (Minus) चिन्हले उक्त समूहका तुलनात्मक स्थितिलाई जनाउँछ ।

रेटिङ्ग प्रदान गरेको मिति :२०२२।११।२३  रेटिङ्ग बहाल रहने अवधि : २०२३।११।२२

**श) पछिल्लो ३ वर्षको वार्षिक तथा पछिल्लो ३ महिनाको मासिक कारोवारको अधिकतम, न्यूनतम, अन्तिम बजार मूल्यका साथै कारोवार भएको संख्या सम्बन्धी विवरण :**

विगत तीन आर्थिक बर्षमा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| आर्थिक बर्ष | अधिकतम शेयर मूल्य ( रु) | न्युनतम शेयर मूल्य ( रु) | अन्तिम बजार मूल्य ( रु) | शेयर कारोबार संख्या |
|---|---|---|---|---|
| ०७६/०७७ | १३० | ८२ | १०६ | २६,७१० |
| ०७७/०७८ | ३५० | ८७ | २९२ | ५३,९५९,६५८ |

| | | | | |
|---|---|---|---|---|
| ०७८/०७९ | ४७८.९ | १७४.३ | २०३ | ३१,६८३,४३७ |

आ.ब.२०७९/०८० को पछिल्लो तीन महिनामा भएको कम्पनीको शेयर कारोवारको विवरण :

| **महिना** | **अधिकतम शेयर मूल्य (रु)** | **न्युनतम शेयर मूल्य ( रु)** | **अन्तिम बजार मूल्य ( रु)** | **शेयर कारोबार संख्या** |
|---|---|---|---|---|
| माघ २०७९ | २५७ | २२७.९ | २३६.६ | ३,५७१,६७५ |
| फागुन २०७९ | २३९.२ | २१३.८ | २२५ | १,४४८,२१९ |
| चैत्र २०७९ | २३३.४ | २०५ | २२० | १,३५२,०११ |

नोटः कम्पनीको अद्यावधिक बजार मुल्य नेपाल स्टक एक्सेन्ज लिमिटेडले प्रकाशित गर्ने बजार मुल्य सूचीबाट प्राप्त गर्न सकिनेछ ।

**ष) यस "हकप्रद शेयर निष्काशन सम्बन्धी व्यबस्था तथा विवरणहरु" मा उल्लेख भएको विवरणहरु तथ्य, पूर्ण छन्, सो मा कुनै फरक परेमा हामी सञ्चालकहरु पूर्ण रुपमा जिम्मेवार हुनेछौं भनी सहि छाप गर्ने संचालकहरुको नाम तथा दस्तखत ।**

| **क्र.स** | **संचालकहरुको नाम** | **पद** | **दस्तखत** |
|---|---|---|---|
| १. | रन्जना दहाल | अध्यक्ष | |
| २. | जितेन्द्र श्रेष्ठ | सञ्चालक | |
| ३. | राजना श्रेष्ठ | सञ्चालक | |
| ४. | विनोद बोलखे | सञ्चालक | |
| ५. | श्याम नाथ कायस्थ | सञ्चालक | |

**(स) निष्काशन तथा बिक्री प्रबन्धकको उद्घोषण :**

हामीलाई हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड तथा यसका संस्थापक/सञ्चालकहरुले उपलब्ध गराएको विवरण तथा जानकारीहरुको आधारमा त्यस संस्थाको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययनबाट हामी सन्तुष्ट हुनुको साथै "हकप्रद शेयर निष्कासन सम्बन्धी व्यवस्था तथा विवरणहरु" मा लेखिएका आर्थिक विवरणहरु र अन्य जानकारी तथ्यगत, पूर्ण र सही देखिएकोले लगानीकर्ताहरुलाई लगानी सम्बन्धी निर्णय लिन मद्दत पुग्ने कुरा प्रति विश्वस्त भई हामीले यो "हकप्रद शेयर निष्कासन सम्बन्धी ब्यबस्था तथा विवरणहरु" स्वीकृतिका लागि नेपाल धितोपत्र बोर्डमा "धितोपत्र सम्बन्धी ऐन, २०६३" र "धितोपत्र दर्ता तथा निष्कासन नियमावली,२०७३" अनुरुपको योग्यता पुगेको प्रतिवद्धतापत्र (ड्यू डेलिजेन्स सर्टिफिकेट) प्रस्तुत गरेका छौं ।

लक्ष्मी क्यापिटल मार्केट लिमिटेड
Laxmi Capital Market Limited
(100 % Subsidiary of Laxmi Bank Limited)
Reg. No: 1140/065/066

New Baneshwor, Kathmandu, Nepal
PO Box 8449
T 977-1-4780222, 977-1-4781582
F 977-1-4780583
E info@laxmicapital.com.np
W www.laxmicapital.com.np

Reference No: 1624
2079/080

मिति : २०७९/१२/०९

श्री नेपाल धितोपत्र बोर्ड,
खुमलटार, ललितपुर ।

विषय : ड्यु डेलिजेन्स् सर्टिफिकेट बारे ।

महोदय,

बागमती अञ्चल, ललितपुर जिल्ला, ललितपुर महानगरपालिका भनिमण्डलमाए रजिष्टर्ड कार्यालय रहेको हिमाल दोलखा हाईड्रोपावर कम्पनी लिमिटेड ले हकप्रद निष्काशनबाट आफ्ना शेयरधनीहरुको लागि निजहरुको नाममा कायम शेयरको १ : ०.७५ को अनुपातमा (बिद्यमान १ कित्ता शेयर बराबर नयाँ ०.७५ कित्ता शेयरको दरले) हुन आउने शेयरका लागि रु. १,२०,००,००,०००/– शेयर पूंजी बराबर प्रति शेयर रु.१००/– अंकित दरका १,२०,००,००० कित्ता कित्ता शेयरहरु जारी गर्ने निष्काशन तथा बिक्री प्रवन्धकको रुपमा सेवा दिन हामी मञ्जुर गर्दछौं । हकप्रद शेयर निष्काशन गर्ने क्रममा धितोपत्र सम्बन्धी ऐन, २०६३ मा भएको व्यवस्था अनुसार हकप्रद शेयर बिक्री वितरण गर्ने व्यवस्था मिलाईनेछ। यस निष्काशन सम्बन्धमा देहायका कुराहरु जानकारी गराउदछौं ।

१. कम्पनीको हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरुमा उल्लेख गरिएका विवरण तथा जानकारीहरु हामीलाई उक्त कम्पनीबाट प्राप्त जानकारी अनुरुप तथ्यगत, पूर्ण र सही भएको र यसबाट लगानीकर्ताहरुलाई लगानी सम्बन्धमा सही निर्णय लिन मद्दत हुने देखिन्छ । साथै कम्पनीको व्यवस्थापकीय, प्राविधिक र आर्थिक पक्षको विश्लेषणात्मक अध्ययन गर्दा कम्पनीले गरेको वा गर्न लागेको व्यवसाय सम्बन्धमा हाम्रो सकारात्मक धारणा रहेको छ ।

२. प्रचलित धितोपत्र कारोवार सम्बन्धी कानून अनुसार पेश गर्नुपर्ने सम्पूर्ण कागजात र विवरणहरु प्रमाणित गरी त्यहाँ पेश गरिएको र प्रत्येकको एक एक प्रति सार्वजनिक जानकारीको लागि यस कार्यालयमा राखिएको छ ।

३. हाम्रो विचारमा कम्पनीद्वारा निष्काशित धितोपत्र धितोपत्र सम्बन्धी ऐन, २०६३ तथा नेपाल स्टक एक्सचेन्ज लिमिटेडको प्रचलित धितोपत्र सूचीकरण सम्बन्धी व्यवस्था बमोजिम सूचीकरण हुन योग्य छन् ।

४. कम्पनीको निष्काशन गर्न लागेको हकप्रद शेयरका लागि आवेदन दिने आवेदकहरुलाई हकप्रद शेयर निष्काशन सम्बन्धि व्यवस्था तथा विवरणहरु तथा दरखास्त फारम सरल तरिकाबाट वितरण गर्ने तथा अन्य जानकारी उपलब्ध गराउने सम्बन्धमा निष्काशन कम्पनीसंग समन्वय गरी आवश्यक व्यवस्था मिलाउने छौं ।

५. हामीले त्यस बोर्डबाट जारी गरिएको धितोपत्र दर्ता तथा निष्काशन नियमावली, २०७३ मा उल्लेख सबै कुराहरुको अध्ययन गरेका छौं । उक्त व्यवस्थाहरुसंग अनुरुप हुने गरी कम्पनीले भरेको विवरण र दिएको जानकारी सन्तोषजनक पाएका छौं ।

**धितोपत्र निष्काशन तथा बिक्री प्रवन्धक :**

लक्ष्मी क्यापिटल मार्केट लिमिटेडको तर्फबाट
नाम : सन्दिप प्रधान
पद : कम्पनी सचिव

सही : Sandeep

कार्यालयको छाप

Laxmi Capital Market Ltd.
लक्ष्मी क्यापिटल मार्केट लि.